## आयोगको कार्य विवरण

### १. सार्वजनिक खर्च पुनरावलोकन आयोग गठनको पृष्ठभूमि

सरकारी खर्च प्रति बर्ष बढ्दो छ र हालका केही बर्षहरुमा खर्चको संरचनागत ढाँचामा प्रतिकूल परिवर्तन विकसित हुन खोजेको देखिएको छ । अर्थात् अर्थतन्त्रमा पूँजी निर्माण गर्ने प्रकृतिका खर्चको तुलनामा नियमित शिरोभार प्रकृत्तिका खर्चको आकार बढेको पाइएको छ । यसै बिषयलाई हृदयङ्गम गरी नवौं पञ्चवर्षीय योजनाले “यस्तो बढ्ने प्रवृत्ति रोक्न समय–समयमा उपयोगिता र उत्पादकत्वको कसीमा प्रत्येक खर्चको परीक्षण गरी खर्च नियन्त्रण गर्न विभिन्न उपायहरु अवलम्बन गर्नु पर्ने” बिषयलाई प्रमुखताका साथ प्रस्तुत गरेको छ ।

नवौं पञ्चवर्षीय योजनाले “अनुत्पादक र फजुल खर्चमा नियन्त्रण गर्दै सरकारी श्रोत र साधनलाई योजनाको प्राथमिकता क्षेत्रमा आवश्यक परिमाण र समयमा प्रवाह गरी सरकारी खर्चको उच्च प्रतिफल प्राप्त गर्ने” उद्धेश्य लिएको छ । यसका लागि अन्य बिषयका अतिरिक्त “अधिक लाभ लागत अनुपात भएका कार्यक्रमहरुको चयन गरिने प्रणाली स्थापित गर्ने” र “खर्चको प्रभावकारितामा बृद्धि गरी अनियमित खर्चको परिमाणमा कमी ल्याउने” बिषयहरुलाई योजनाले जोड दिएकोछ ।

नवौं पञ्च वर्षीय योजनाले हासिल गर्न खोजेका उद्धेश्यहरुकै सन्दर्भमा आ.ब. २०५७/५८ को बजेट बक्तव्यमा निम्न नीति उल्लेख गरिएको छ :-

“सार्वजनिक श्रोत व्यवस्थापनमा प्रभावकारिता ल्याउन कृषि, सिंचाई, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य जस्ता प्राथमिकताका क्षेत्रहरुमा स्रोत–साधनको बाँडफाँड बढाउँदै लैजाने र सो लगानीबाट उच्चतम प्रतिफल प्राप्तिका लागि कार्यान्वयन प्रकृयामा सुधार तथा अनुत्पादक खर्चलाई नियन्त्रण गरिने छ । खर्च व्यवस्थापनको प्रयासमा सरकारलाई व्यवसायिक एवं विशेषज्ञको सुझाव समेत प्राप्त होस भन्ने दृष्टिकोणले एउटा सार्वजनिक खर्च पुनरावलोकन आयोगको गठन गरिने छ । यसबाट देशको दुर्लभ साधन र स्रोत विनियोजनमा तदर्थवादको समाप्ती र वित्तीय अनुशासन कायम हुने छ । यसका साथै सार्वजनिक संस्थानहरुको निजीकरणको प्रकृयालाई तीव्रता दिनुका साथै वित्तीय घाटा कम गर्न ऋण व्यवस्थापन कार्यलाई व्यवस्थित र उत्तरदायी बनाइने छ ।”

आ.ब. २०५७/५८ को बजेट बक्तव्यमा सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धमा उपरोक्त बिषयका अतिरिक्त देहायका विषयहरुलाई पनि उठाइएको छ :-

- ❖ कार्य सम्पादनमा आधारित विनियोजन प्रणाली लागू गर्ने ।
- ❖ केही छानिएका परियोजनाहरुमा बहु-वर्षीय विनियोजन प्रणालीको शुरुवात गर्ने ।
- ❖ (निश्चित मापदण्डका आधारमा) सम्भाव्य (देखिएका) योजनाहरुमा अधिकतम लगानी गर्ने ।
- ❖ आर्थिक–सामाजिक विकासका कार्यक्रमहरुबाट पिछडिएका क्षेत्र र अति दुर्गम जिल्लाहरुको छनौटगरी यी जिल्लाहरुमा विभिन्न निकायहरुबाट संचालन गरिदै आएका विकास कार्यक्रमहरुलाई एकिकृत र समन्वयात्मक रुपमा एउटै डालो प्रणाली (Basket Funding) अनुसार निकासा दिने, विकास निर्माण कार्यहरुको छनौट तर्जुमा कार्यान्वयन तथा अनुगमनमा सरकारी निकाय, जिल्ला विकास समिति एवं सर्वदलीय सहमति कायम गर्ने गराउने ।
- ❖ अनावश्यक संगठनहरु गाभ्ने, बन्द गर्ने अथवा खारेज गर्ने लगायतका प्रशासकीय सुधारका प्रकृयाहरु अवलम्बन गरिने ।
- ❖ सरकारी निकाय र कर्मचारीलाई ठिक्क आकारमा ल्याउने ।
- ❖ कर्मचारीहरुको नयाँ थप तथा संगठन सिर्जना नगरिने, अनावश्यक दरवन्दी कटौती गरिने ।
- ❖ सम्पूर्ण दरवन्दीहरु पुनर्सरचना गरी रिक्त दरवन्दी फ्रिज गरिने ।

❖ सार्वजनिक खर्चमा परेको चाप घटाई दुर्लभ स्रोत र साधन अत्यावश्यकीय क्षेत्रहरुमा उपयोग गर्न निजीकरणको प्रकृयालाई सशक्त ढंगले अघि बढाइने छ। व्यापारिक कार्यहरुमा सरकारी संलग्नता क्रमशः घटाइने छ।

उपरोक्त पृष्ठभूमिमा यो "सार्वजनिक खर्च पुनरावलोकन आयोग" को गठन गरिएको छ।

## २. आयोगको कार्य विवरण

सार्वजनिक क्षेत्रमा साधनको उपयोग र बाँडफाँडमा सक्षमता हासिल गर्ने, अर्थतन्त्रको दीगो विकास र विस्तारमा योगदान पुऱ्याउने तथा सामाजिक-आर्थिक विकासको लक्ष्य हासिल गर्ने जस्ता विषयमा केन्द्रित रही धान्न सकिने खर्चको तह, यसको प्रभावकारिता, औचित्य र संरचनात्मक सुदृढिकरण जस्ता विषयमा आयोगले श्री ५ को सकारलाई सिफारिश गर्ने छ। यस सन्दर्भमा देहायका विषय वस्तुमा विशेष ध्यान पुऱ्याउनु पर्ने छ :-

### २.१ सार्वजनिक श्रोत व्यवस्थापनमा प्रभावकारिता

२.१.१. सरकार संलग्न रहेका क्षेत्रको पुनरावलोकन, संलग्न रहनु पर्ने क्षेत्रहरुको प्राथमिकता किटान तथा संलग्न रहने तरिकाको बर्णन।

२.१.२. आयोजनाको सम्भाव्यता निर्क्यौल गर्ने न्यूनतम बस्तुगत आधारहरुको किटानी।

२.१.३. सम्भाव्य आयोजनाहरु मध्ये पनि कस्ता आधार (Criteria) पूरा गर्ने आयोजनामा ऋण लिएर लगानी गर्ने।

२.१.४ आर्थिक क्षेत्रगत आधारमा आगामी १० बर्षसम्म संचालन गर्नु पर्ने आयोजनाहरुको विश्लेषणयुक्त सूचि।

२.१.५. हाल सरकार संलग्न रहेका आयोजना वा कार्यहरु मध्ये पर्याप्त औचित्यको आधारमा निजी क्षेत्र, समुदाय वा स्थानीय निकायलाई हस्तान्तरण गर्नु पर्ने आयोजना वा कार्यको पहिचान र हस्तान्तरण गर्ने उपयुक्त प्रकृयाको सिफारिश।

२.१.६. भावी सन्तती माथि दायित्व सिर्जना हुने गरी वर्तमानमा गरिने खर्चहरु सम्बन्धमा स्पष्ट मानदण्डको तर्जुमा।

२.१.७. क्रमागत रहेका तथा आ.व. २०५७/५८ मा शुरु गरिएका आयोजनाहरुको उपयुक्तताको विश्लेषण गरी कटौति गर्नु पर्ने आयोजनाको सिफारिश।

२.१.८. आगामी १० वर्ष भित्रमा श्री ५ को सरकारको खर्चको प्रवाह तथा दायित्वको प्रभाव र सुधारका उपायहरुबारे सिफारिश।

### २.२ नियमित तथा शिरोभार खर्चमा कटौती

२.२.१ खारेज गर्नु पर्ने वा गाभ्नु पर्ने सरकारी कार्यालय/निकायहरुको स्पष्ट किटानी तथा त्यसरी खारेज गर्दा उत्पन्न हुने वातावरणीय (सामाजिक, आर्थिक) प्रभावलाई न्यूनिकरण गर्ने उपायको सिफारिश।

२.२.२ सबै सरकारी कार्यालयहरुलाई आ–आफ्नो उद्देश्य अनुरुप कार्य संचालन गर्न सुगम गराउन पर्याप्त बजेट विनियोजन हुने व्यवस्था गर्न कार्यालय संचालन खर्चको मानदण्ड तर्जुमा।

२.२.३ अनावश्यक/फजुल खर्च नियन्त्रण गर्ने प्रणालीगत व्यवस्था कसरी गर्न सकिन्छ भन्ने बिषयमा सिफारिश।

२.२.४ कर्मचारी दरवन्दीको पुनरावलोकन र ठिक्क आकारमा राख्ने उपायको सिफारिश।

### २.३ वित्तीय अनुशासन

२.३.१ कार्य सम्पादनमा आधारित विनियोजन प्रणालीको स्पष्ट खाका तर्जुमा।

२.३.२ अन्तिम लेखा परिक्षण सम्ममा बेरुजु रहन नदिने वा बेरुजु औल्याइएको अवस्थामा आगामी आर्थिक बर्ष भित्रै फछ्र्योट गरिसक्ने उपयुक्त संस्थागत तथा प्रकृयागत व्यवस्थाको सिफारिश ।

२.३.३. सरकारी जिन्सी तथा सम्पत्ति सामानको प्रभावकारी उपयोग (दुरुपयोग नियन्त्रण) सुनिश्चित गर्ने संयन्त्र तथा प्रणालीको स्पष्ट किटानी सिफारिश ।

२.३.४ वित्तीय अनुशासनको लागि प्रभावकारी अनुगमन गर्न सूचना प्रविधिको प्रयोग सम्बन्धी खाकाको तयारी ।

२.३.५. सरकारले आफ्नो नगद प्रवाह संतुलित राख्न अवलम्बन गर्नु पर्ने उपायको किटानी ।

२.४ सार्वजनिक संस्थान तथा स्थानीय निकाय मार्फत हुने खर्च

२.४.१ लगानीको तुलनामा निरपेक्ष रुपमा प्रतिफल कम प्राप्त हुने सार्वजनिक संस्थाहरुबाट सरकारले उन्मुक्ति लिने स्पष्ट कार्य योजनाको तर्जुमा ।

२.४.२ साविकमा सरकारको राजश्वमा आउने स्रोत डाइभर्सन भई वा सरकारबाटै प्रत्यक्ष अनुदान वा लगानीको रुपमा आर्थिक स्रोत प्राप्त गर्ने निकायहरु सरकारको भावी आर्थिक सम्बन्ध कस्तो रहनु पर्दछ भन्ने बिषयमा स्पष्ट सिफारिश ।

२.४.३ सरकारी अनुदान तथा लगानी प्राप्त गर्ने निकायहरुमा वित्तीय अनुशासन कायम गराउने उपायहरु ।

२.२.४ आगामी १० वर्ष भित्रमा संस्थानहरुको खर्च र दायित्वको प्रवाहबाट श्री ५ को सरकारको बजेटमा पर्ने प्रभाव र सो को सुधारको लागि सिफारिश ।

२.५ अन्य

२.५.१ उपरोक्त बमोजिम किटानी गरिएका बिषयहरुका अतिरिक्त आयोगले उपयुक्त सम्झेका उपरोक्त बिषयसंग प्रत्यक्ष वा परोक्ष रुपले सम्बन्धित अन्य विषयलाई पनि विश्लेषण गरी आयोगले आफ्नो सिफारिशमा पार्न सक्ने छ ।

३. आयोगको कार्यावधि र प्रतिवेदन दिने तरिका :

आयोगको कार्य अवधि छ महिनाको हुने छ । आयोगले आफ्नो कार्य अवधिमा दुई पटक अन्तरिम प्रतिवेदन र अन्तमा अन्तिम प्रतिवेदन श्री ५ को सरकारलाई दिने छ । पहिलो अन्तरिम प्रतिवेदन आयोगको दुई महिनाको कार्य अवधि पछि र दोश्रो अन्तरिम प्रतिवेदन चार महिनाको कार्य अवधि पछि दिनु पर्ने छ ।

४. आयोगको कार्यविधि :

४.१ आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्ने छ ।

४.२ आयोगलाई श्री ५ को सरकारसंग सर्म्पकको लागि अर्थ मन्त्रालय सम्पर्क मन्त्रालयको रुपमा रहने छ ।

४.३ आयोगको सचिवालयको लागि एकजना रा.प. द्वितीय श्रेणीको अधिकृत र आयोगको माग बमोजिम अन्य कर्मचारी अर्थ मन्त्रालयले खटाउने छ ।

४.४ आयोगले आफ्नो कामको लागि विशेषज्ञ सेवा लिन सक्ने छ ।

४.५ आयोगलाई कुनै कामको लागि विदेशी परामर्शदाताको आवश्यकता परेमा अर्थ मन्त्रालयले दातृ संस्थासंग सम्पर्क गरी उपलब्ध गराउन प्रयास गर्ने छ ।

५. आयोगको सचिवालय

आयोगको सचिवालय कृषि आयोजना सेवा केन्दको भवन, भद्रकाली प्लाजामा रहने छ ।

# सार्बजनिक खर्च पुनरावलोकन आयोगका पदाधिकारीहरु

| | | | |
|---|---|---|---|
| १. | माननीय श्री विनयध्वज चन्द, | सदस्य, प्रतिनिधि सभा | अध्यक्ष |
| २. | माननीय डा. शङ्कर शर्मा, | सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. | श्री मुकुन्द प्रसाद अर्ज्याल, | सचिव, सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ४. | श्री रामेश्वर प्रसाद खनाल, | सह महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय | सदस्य |
| ५. | श्री युव राज भुसाल, | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य-सचिव |

## आयोगमा कार्यरत विशेषज्ञ/कर्मचारीहरुको नामावली

| सि.नं. | कर्मचारीहरुको नाम, थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १. | श्री भूपालमान शाक्य | विशेषज्ञ | – |
| २. | श्री रामचन्द्र उपाध्याय | ,, | – |
| ३. | श्री देवेन्द्र प्रसाद सिटौला | कार्यालय सचिव | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४. | श्री सोम लाल सुवेदी | उप सचिव | स्थानीय विकास मन्त्रालय |
| ५. | श्री बासुदेव श्रेष्ठ | शाखा अधिकृत | सहकारी प्रशिक्षण केन्द्र |
| ६. | श्री जीवन बाँस्कोटा | ,, | अर्थ मन्त्रालय |
| ७. | श्री यदुनाथ काफ्ले | ना.सु. | मूल्य अभिवृद्धि कर कार्यालय, सुनसरी |
| ८. | श्री राम काजी खड्का | ,, | अर्थ मन्त्रालय |
| ९. | श्री पुरुषोत्तम प्रसाद प्रधान | डा.इ.सुपरभाईजर | मूल्य अभिवृद्धि कर कार्यालय, सुनसरी |
| १०. | श्री लक्ष्मी सुन्दर अवाल | टा.ना.सु. | सामान्य प्रशासन मन्त्रालय |
| ११. | श्री लक्ष्मी वहादुर सिंह | स.ले.पा. | महालेखा नियन्त्रक कार्यालय |
| १२. | श्री धोर्जे लामा | सवारी चालक | महालेखा नियन्त्रक कार्यालय |
| १३. | श्री राजु महर्जन | ,, | राष्ट्रिय योजना आयोग |
| १४. | श्री मचाम महर्जन | ,, | महालेखा नियन्त्रक कार्यालय |
| १५. | श्री मचा गोपाल महर्जन | ,, | महालेखा नियन्त्रक कार्यालय |
| १६. | श्री इन्द्र वहादुर पौडेल | ,, | संसद सचिवालय |
| १७. | श्री राम गोविन्द महर्जन | ,, | अर्थ मन्त्रालय |
| १८. | श्री विष्णु वहादुर थापा | ,, | राष्ट्रिय योजना आयोग |
| १९. | श्री रिद्धि कुमार अर्याल | ,, | सामान्य प्रशासन मन्त्रालय |
| २०. | श्री गोपाल वहादुर श्रेष्ठ | परिचर | सामान्य प्रशासन मन्त्रालय |
| २१. | श्री पूर्ण वहादुर श्रेष्ठ | परिचर | राजस्व प्रशासन तालिम केन्द्र |

परिशिष्ट - ४

## कार्यदलहरुले अध्ययन गरेका विषय र कार्यदलका सदस्यहरुको नामावली

| सि.नं. | प्रतिवेदनको नाम | प्रतिवेदन पेश गर्ने व्यक्तिको नाम |
|---|---|---|
| १ | अन्तिम लेखा परिक्षणसम्ममा बेरुजु रहन नदिने वा बेरुजु औल्याएको अवस्थामा आगामी आर्थिक वर्ष भित्रै फछ्र्यौट गरिसक्ने उपयुक्त संस्थागत तथा प्रकृयागत व्यवस्थाको सिफारिस ।<br>(कार्यादेश नं.२.३.२) | श्री रमेशराज सत्याल<br>नायव महालेखा परिक्षक,<br>महालेखा परिक्षकको विभाग । |
| २ | निजामती सेवाका कर्मचारीले गरी आएका सेवा र कार्यहरु (परिचरस्तर र सवारी चालक) करारमा लिने प्रस्तावित प्रणाली सम्वन्धी अध्ययन प्रतिवेदन । | श्री बालानन्द पौडेल<br>सह सचिव, अर्थ मन्त्रालय ।<br>श्री विष्णु प्रसाद नेपाल<br>उप सचिव, अर्थ मन्त्रालय ।<br>श्री प्रेम कुमार राई,<br>उप सचिव, सामान्य प्रशासन मन्त्रालय।<br>श्री केदार वहादुर अधिकारी<br>उप म.ले.नि.,म.ले.नि.का. ।<br>श्री सोमलाल सुवेदी<br>उपसचिव, स्थानीय विकास मन्त्रालय ।<br>श्री जीवन वांसकोटा<br>शाखा अधिकृत, अर्थ मन्त्रालय |
| ३ | कार्यालय संचालन खर्चको मानदण्ड ।<br>(कार्यादेश नं.२.२.२) | श्री दुर्गानिधि शर्मा<br>उप सचिव (लेखा) अर्थ मन्त्रालय ।<br>श्री सुकदेव खत्री<br>निर्देशक, महालेखा परिक्षकको विभाग। |
| ४ | सरकारी निकायहरुको संगठन संरचना र दरवन्दी सम्बन्धी पुनरावलोकन अध्ययन प्रतिवेदन<br>(कार्यादेश नं. २.२.१ र २.२.४) | श्री प्रेम कुमार राई<br>उप सचिव, सामान्य प्रशासन मन्त्रालय । |
| ५ | सरकारी अनुदान तथा लगानी प्राप्त निकायहरुमा वित्तिय अनुशासन कायम गराउने ।<br>(कार्यादेश नं.२.४.३) | श्री फणीन्द्र प्रसाद रेग्मी<br>उप म.ले.नि., म.ले.नि.का. |
| ६ | अनावश्यक खर्च नियन्त्रण गर्ने प्रणालीगत व्यवस्था तथा सरकारी जिन्सी सम्पत्ति सामानको प्रभावकारी उपयोग सुनिश्चित गर्ने संयन्त्र सम्बन्धी अध्ययन प्रतिवेदन । (कार्यादेश नं. २.२.३ र २.३.३) | श्री केदार वहादुर अधिकारी<br>उप म.ले.नि., म.ले.नि.का.<br>श्री प्रेम कुमार राई<br>उप सचिव, सामान्य प्रशासन मन्त्राल।<br>श्री भरत प्रसाद पौडेल<br>उप म.ले.नि., म.ले.नि.का.<br>श्री जीवन वांसकोटा<br>शाखा अधिकृत, अर्थ मन्त्रालय |
| ७ | आयोजनाको सम्भावना निर्क्यौल गर्ने न्यूनतम वस्तुगत आधारहरुको किटानी (कार्यादेश नं.२.१.२)<br><br>ऋण लिएर लगानी गर्ने आयोजनाहरुमा हुनु पर्ने सम्भाव्यता आधार र भावी सन्तति माथि दायित्व सृजना हुने गरी ऋण लिएर खर्च गर्नु पर्ने आयोजनाहरुको मापदण्डको तर्जुमा ।<br>(कार्यादेश नं.२.१.३ र २.१.६) | श्री राम प्रसाद धिमिरे<br>लेखा अधिकृत, ऋण व्यवस्थापन इकाई, अर्थ मन्त्रालय । |

| | | |
|---|---|---|
| ८ | साविकमा सरकारको राजस्वमा आउने स्रोत डाइभर्सन भई वा सरकारबाटै प्रत्यक्ष अनुदान वा लगानीको रुपमा आर्थिक स्रोत प्राप्त गर्ने स्थानीय निकायहरुसंग सरकारको भावी आर्थिक सम्बन्ध बारे सिफारिश र सरकारी अनुदान तथा लगानी प्राप्त गर्ने स्थानीय निकायहरुमा वित्तीय अनुशासन कायम गराउने उपायहरु (कार्यादेश नं. २.४.२ र २.४.३) | श्री सोम लाल सुवेदी,<br>उप सचिव, स्थानीय विकास मन्त्रालय ।<br>श्री महेश राज शर्मा,<br>उप सचिव, स्थानीय विकास मन्त्रालय । |
| ९ | लगानीको तुलनामा निरपेक्ष रुपमा प्रतिफल कम प्राप्त हुने सार्वजनिक संस्थानहरुबाट सरकारले उन्मुक्ति लिने स्पष्ट कार्ययोजनाको तर्जुमा ।<br>साविकमा सरकारको राजस्वमा आउने स्रोत डाइभर्सन भई वा सरकारबाटै प्रत्यक्ष अनुदान वा लगानीको रुपमा आर्थिक स्रोत प्राप्त गर्ने निकायहरुसंग सरकारको भावी आर्थिक सम्वन्ध वारे सिफारिस ।<br>सरकारी अनुदान तथा लगानी प्राप्त गर्ने निकायहरुमा वित्तीय अनुशासन कायम गराउने उपायहरु ।<br>आगामी दश वर्ष भित्रमा संस्थानहरुको खर्च र दायित्वको प्रवाहबाट श्री ५ को सरकारको बजेटमा पर्ने प्रभाव र सोको सुधारको लागि सिफारिश । (कार्यादेश नं. २.४.१, २.४.२, २.४.२, २.४.३ र २.४.४) | डा. श्री दिनेश राज पन्त,<br>अध्ययन निर्देशक,<br>नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।<br>श्री विमल प्रसाद वाग्ले<br>उप सचिव,<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय । |
| १० | श्री ५ को सरकारले गठन गरेका आयोग (संवैधानिक र स्थायी वाहेक) समिति, परिषद र वोर्ड जस्ता स्वायत्त तथा अर्ध स्वायत्त संस्थाहरु सम्वन्धमा अध्ययन गरी समस्या र सुझाव सम्वन्धि अध्ययन प्रतिवेदन । | श्री श्याम सुन्दर शर्मा,<br>सह सचिव, कृषि तथा सहकारी मन्त्रालय ।<br>श्री कृष्ण ज्ञवाली,<br>उप सचिव, मन्त्रिपरिषद् सचिवालय ।<br>श्री श्याम प्रसाद पौडेल, तालिम अधिकृत, पशु सेवा तालिम तथा प्रसार निर्देशनालय । |

## विषयगत अध्ययनका लागि आयोगले जारी गरेको प्रश्नावली

१. सार्वजनिक श्रोत व्यवस्थापनमा प्रभावकारीता

१.१ सरकारी संलग्नतामा कुन कुन क्षेत्रमा रहनु अनिवार्य हुन्छ र सरकारी संलग्नता कस्तो किसिमको हुनु पर्दछ ?

१.२. सरकारी आयोजनाहरुको संभाव्यता निर्क्यौल गर्ने न्यूनतम् बस्तुगत आधारहरु के के राख्नु पर्ला ?

१.३ न्यूनतम् बस्तुगत आधारहरु अनुरुप संभाव्य भएपनि कस्ता मानदण्ड वा आधार पूरा गर्ने आयोजनामा भएकोले ऋण लिएर लगानी गर्न ठीक होला ?

१.४ आर्थिक क्षेत्रगत आधारमा आगामी दश वर्ष सम्म कस्ता आयोजनाहरु सरकारले संचालन गर्नु पर्ला ?

१.५ हाल सरकार संलग्न रहेका आयोजना वा कार्यहरु मध्ये कुन कुन आयोजना वा कार्य निजी क्षेत्र वा समुदाय वा स्थानीय निकायलाई हस्तान्तरण गर्न उपयुक्त होला ? कृपया औचित्य समेत उल्लेख गर्नु होला ।

१.६ भावी सन्तती माथि दायित्व सिर्जना हुनेगरी वर्तमानमा गरिने खर्चहरुको सम्बन्धमा सरकारले कस्तो मापदण्डको अनुशरण गर्नु ठीक होला ?

१.७ कमागत रहेका तथा आ.व. २०५७/५८ मा शुरु गरिएका आयोजनाहरु मध्ये कुन कुन आयोजनाहरु कटौति गर्न उपयुक्त होला ?

१.८ आगामी दश वर्ष भित्रमा श्री ५ को सरकारको खर्चको प्रवाह तथा दायित्व सम्बन्धमा के कस्तो सुधार गर्नु पर्ला ?

२. नियमित तथा शिरोभार खर्चमा कटौति

२.१ कुन कुन सरकारी कार्यालयहरु/निकायहरुलाई खारेज गर्नु वा गाभ्नु पर्ला ? खारेज गरेमा के कस्ता सामाजिक तथा आर्थिक प्रभाव पर्लान र तिनलाई न्यून गर्न के उपाय अवलम्बन गर्नु ठिक होला ?

२.२ सरकारी कार्यालयहरुलाई कार्यालय संचालन गर्न पुग्ने गरी बजेट व्यवस्था हुने गर्न कार्यालय संचालन खर्चको मानदण्ड के हुनु पर्ला ?

२.३ अनावश्यक/फजुल खर्च नियन्त्रण गर्न प्रणालीगत व्यवस्था कसरी गर्न सकिएला ?

३. वित्तीय अनुशासन

३.१ कार्यसम्पादनमा आधारित विनियोजन प्रणालीका लागि के कस्ता विषयलाई आधार बनाउनु ठिक होला ?

३.२ एक आर्थिक वर्षको वेरुजु अर्को आर्थिक वर्ष भित्रमा फछ्र्योट गरिसक्न कस्तो संस्थागत तथा प्रकृयागत व्यवस्था गर्नु ठिक होला ?

३.३ सरकारी जिन्सी तथा सम्पति सामानको दुरपयोग नियन्त्रण गर्ने संयन्त्र तथा प्रणाली कस्तो हुनु पर्ला ?

३.४ वित्तीय अनुशासनको लागि प्रभावकारी अनुगमन गर्न सूचना प्रविधिको प्रयोग कसरी गर्न सकिएला ?

३.५ सरकारले आफ्नो नगद प्रवाह सन्तुलित राख्न कस्ता उपायहरु अवलम्वनगर्नु पर्ला ?

४. सार्वजनिक संस्थान तथा स्थानीय निकाय मार्फत हुने खर्चहरु

४.१ लगानीको तुलनामा निरपेक्ष रुपमा प्रतिफल कम प्राप्त हने सार्वजनिक संस्थाहरुबाट सरकारले उन्मुक्ति लिने उपयुक्त उपाय के होला ?

४.२ साविकको सरकारी राजश्व सिधै प्राप्त गरी उपयोग गर्ने वा सरकारबाटै प्रत्यक्ष अनुदान वा लगानीको रुपमा आर्थिक स्रोत प्राप्त गर्ने निकायहरुसंग सरकारको भावी आर्थिक सम्बन्ध कस्तो हुनु पर्ला ?

४.३ सरकारी अनुदान तथा लगानी प्राप्त गर्ने निकायहरुमा वित्तीय अनुशासन कायम गराउन कस्ता उपायहरु अवलम्वन गर्नु पर्ला ?

४.४ आगामी दश वर्ष भित्रमा संस्थानहरुको खर्च र दायित्वको प्रवाहबाट श्री ५ को सरकारको बजेटमा पर्ने प्रभाव र सोका सुधारका लागि के कस्तो उपाय अवलम्बन गर्नु पर्ला ?

५. उपर्युक्त विषयहरुका अतिरिक्त प्रभावकारी सरकारी खर्च व्यवस्थापनका लागि आवश्यक्देखिएका विषयहरुमा पनि सुझाव दिन सकिने छ ।

६. सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धी अन्य सान्दर्भिक विषयहरु यस सम्बन्धी विस्तृत विवरण www.facd. gov.np वेभसाइटमा हेर्न सकिन्छ ।

सुझाव पठाउँदा माथिका बुँदा नम्बर उल्लेख गरी बुँदागत रुपमा पठाएमा आयोगलाई टेबुलेशन गर्न सजिलो पर्ने भएकाले बुँदागत रुपमा पठाउन अनुरोध गरिएको छ ।


सुझाव पठाउने ठेगाना
सार्वजनिक खर्च पुनरावलोकन आयोग
कृषि आयोजना सेवा केन्द्रको भवन
भद्रकाली प्लाजा, काठमाडौं ।
पो.ब.नं. १०६१९
फ्याक्स नं.: २३२१७५
E-mail:perc@htp com.np

परिशिष्ट - ६

## मन्त्रालयहरुसंग माग गरिएको विवरण

सबै सचिवज्यूहरु ।

सार्वजनिक श्रोत व्यवस्थापनलाई प्रभावकारी तुल्याई शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई एवं यातायात जस्ता पूर्वाधार विकासका लागि श्रोत साधन वढाउँदै लैजान र राष्ट्का लागि उच्चतम प्रतिफल प्राप्त गर्न कार्यान्वयन प्रकृयामा सुधार तथा अनुत्पादक खर्च नियन्त्रण गर्न आवश्यक सिफारिस प्रस्तुत गर्ने समेत कामको लागि भरखरै श्री ५ को सरकारले “सार्वजनिक खर्च पुनरावलोकन आयोग” गठन गरेको र यस आयोगले भाद्र २१ गते देखि कार्य प्रारम्भ गरिसकेको व्यहोरा विदितै हुनु पर्दछ । यहाँको अमूल्य सहयोग एवं सुझाव बेगर श्री ५ को सरकारले सार्वजनिक खर्च व्यवस्थापन गर्न राखेको लक्ष्य हासिल नहुने र यस आयोगले आफ्नो कार्य सम्पादन गर्न अप्ठ्यारो पर्ने कुरा स्पष्ट छ । अतः आयोगको कार्यमा यहाँको व्यक्तिगत एवं संस्थागत सहयोग निरन्तर मिल्ने कुरामा म विश्वस्त छु । तत्कालका लागि देहाय वमोजिमको सूचना र तथ्यगत विवरण १० दिन भित्र यसै पत्र साथ संलग्न फारामहरुमा स्पष्ट गरी प्रतिकृया सहित उपलव्ध गराई सहयोग हुन र आयोगको कार्य विवरणलाई सघाउ पुग्ने विविध प्रश्नावलीमा त्यस मन्त्रालयको प्रतिकृया पठाई दिन समेत अपेक्षा गरेको छु ।

१. हालै श्री ५ को सरकारवाट स्विकृत त्यस मन्त्रालयको संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण समेत खुलाउने ।

२. हालै श्री ५ को सरकारवाट स्विकृत त्यस मन्त्रालय अन्तर्गत केन्द्रीय विभाग तथा कार्यालयहरुको संस्थागत संगठन तालिका र स्विकृत दरवन्दी, रिक्त पद संख्या पद अनुसारको कार्य विवरण, विकास तथा साधारण समेत स्पष्ट उल्लेख गरी पठाउने ।

३. त्यस मन्त्रालय अन्तर्गत क्षेत्रिय निर्देशनालय / कार्यालयहरुको कार्यालयगत स्विकृत संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण समेत खुलाउने ।

४. त्यस मन्त्रालय अन्तर्गत जिल्ला स्थित कार्यालयहरुको कार्यालयगत स्विकृत संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण समेत खुलाउने ।

५. त्यस मन्त्रालय अन्तर्गत जिल्लाको इलाकामा रहेका कार्यालयहरुको कार्यालयगत स्विकृत संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण समेत खुलाउने ।

६. त्यस मन्त्रालय अन्तर्गत जिल्लाको गाउँ विकास समितिमा रहेका कार्यालयहरुको कार्यालयगत स्विकृत संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण खुलाउने ।

७. उपरोक्त वाहेक पनि त्यस मन्त्रालय अन्तर्गत वा सम्पर्कका रुपमा रहेको संवैधानिक अंग, समिति वा कुनै कार्यालय / आयोजना रहेको भए ती कार्यालय / आयोजनाहरुको समेत कार्यालयगत स्विकृत संगठन तालिका र दरवन्दी, पद अनुसारको कार्य विवरण, रिक्त पद संख्या, विकास तथा साधारण आदि खुलाई पठाउने ।

जानकारी तथा सहयोगका लागि

सबै माननीय मन्त्री तथा राज्य मन्त्रीज्यूहरु

(विनयध्वज चन्द)

अध्यक्ष

## संगठन एवं दरबन्दी सम्बन्धी प्रतिकृया

१. श्री ५ को सरकारको वर्तमान कार्य बिभाजन नियमावलीमा उल्लेख भएका त्यस मन्त्रालयको कार्यका लागि वर्तमान संगठन र दरबन्दी कतिको आवश्यक ठान्नु हुन्छ ?

२. प्रस्तुत संगठन तालिका र दरवन्दी विवरण अनुसार देहायका कार्यालयहरु खारेज गर्न सकिन्छ -

३. देहायका कार्यालयहरुको कार्य देहाय वमोजिम गाभ्न सकिन्छ -

४. माथिका दुवै बुंदा वमोजिम संगठन र दरवन्दी पुनर्गठन गर्दा उत्पन्न हुने वातावरणीय (सामाजिक, आर्थिक) प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु के के हुन-

५. मन्त्रालय र अन्तर्गत विभाग तथा सम्पूर्ण कार्यालयहरुको संगठनको स्वरुप र दरवन्दी पुनरावलोकन गरी ठिक्क आकारमा कायम गर्न के के गर्नु पर्ला-

सचिव

उपरोक्त बुँदाहरुको स्पष्टताका लागि स्थान अभाव भएमा बेग्लै पाना प्रयोग गर्न सकिने छ ।

## आयोगले सुझाव माग गरेका व्यक्ति तथा संस्थाहरुको नामावली

| | व्यक्ति / संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | सभापति, नेपाली कांग्रेस पार्टी, टेकू |
| २ | अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी, नक्साल |
| ३ | राष्ट्रिय अध्यक्ष, नेपाल सद्भावना पार्टी,काठमाडौं |
| ४ | महा सचिव, नेपाल कम्युनिष्ट पार्टी (एमाले), वल्खु |
| ५ | अध्यक्ष, नेपाल मजदुर किसान पार्टी, भक्तपुर |
| ६ | अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (माले), वागवजार |
| ७ | महा सचिव, राष्ट्रिय जनमोर्चा, डिल्लीवजार |
| ८ | महा सचिव, संयुक्त जनमोर्चा, कोटेश्वर |
| ९ | सभापति, नेपाल चार्टर्ड एकाउन्टेण्ट संघ, ववरमहल |
| १० | सम्माननीय महालेखा परिक्षकज्यू, ववरमहल |
| ११ | जिल्ला विकास समिति महासंघ, कोटेश्वर |
| १२ | नेपाल उद्योग वाणिज्य महासंघ, टेकू |
| १३ | सेवा निवृत्त कर्मचारी परिषद, संखमूल |
| १४ | नेपाल नगरपालिका संघ, कुपण्डोल |
| १५ | नेपाल चिकित्सक संघ, प्रदर्शनी मार्ग |
| १६ | होटल एशोसियसन अफ नेपाल, ठमेल |
| १७ | नेपाल निर्माण व्यवसायी महासंघ, कालिकास्थान |
| १८ | गाँउ विकास समिति महासंघ, तिनकुने |
| १९ | नेपाल चेम्वर अफ कमर्श, कान्तिपथ |
| २० | नेपाल प्राध्यापक संघ, किर्तिपुर |
| २१ | आर्थिक विकास प्रशासन केन्द (सेडा), किर्तिपुर |
| २२ | नेपाल व्यवस्थापन संघ, वागवजार |
| २३ | नेपाल जन प्रशासन संघ, त्रिपुरेश्वर |
| २४ | जनप्रशासन विभाग, त्रि.वि.वि., त्रिपुरेश्वर |
| २५ | अर्थशास्त्र विभाग, त्रि.वि.वि., किर्तिपुर |
| २६ | व्यवस्थापन विभाग, त्रि.वि.वि., किर्तिपुर |
| २७ | नेपाल पत्रकार महासंघ, |
| २८ | नेपाल इन्जिनियर्स एशोसियसन, रानीपोखरी |
| २९ | स्वावलम्वन विकास केन्द्र, थापाथली |
| ३० | नेपाल वार एशोसियसन, रामशाह पथ |
| ३१ | डा. प्रकाश चन्द्र लोहनी |
| ३२ | मा. भरत मोहन अधिकारी |
| ३३ | डा. डिल्लीराज खनाल |
| ३४ | डा. रामशरण महत |
| ३५ | डा. मंगलसिद्धि मानन्धर |
| ३६ | श्री पशुपति शम्शेर ज.व.रा. |
| ३७ | मा. ह्रदयश त्रिपाठी |
| ३८ | मा. नारायण मान विजुक्छें |
| ३९ | डा. देवेन्द्र राज पाण्डे, टंगाल |
| ४० | डा. प्रचण्ड प्रधान, काठमाडौं |
| ४१ | डा. ध्रुव पन्त, पकनाजोल |
| ४२ | डा. दिनेश पन्त,नेपाल प्रशासनिक प्रशिक्षण प्र. |
| ४३ | श्री विमल वाग्ले, उद्योग,वा. तथा आ. मन्त्रालय |
| ४४ | डा. गोविन्द्र राज अग्रवाल, सिफल |
| ४५ | श्री शम्भु प्रसाद कायस्थ, सिफल |
| ४६ | डा. श्री केशव कडेल |
| ४७ | डा. वद्री प्रसाद श्रेष्ठ, पूर्व उपाध्यक्ष, रा.यो.आयोग |
| ४८ | डा. राम प्रकाश यादव, पूर्व सदस्य, रा.यो.आयोग |
| ४९ | डा. वाल गोपाल वैद्य,पूर्व सदस्य, रा.यो.आयोग |
| ५० | डा. हर्क गुरुङ०, न्यू यरा |
| ५१ | डा. द्वारिका ढुंगेल, पूर्व सचिव |
| ५२ | डा. रविन्द्र शाक्य, पूर्व सचिव |
| ५३ | डा. मोहनमान सैंजु, पूर्व उपाध्यक्ष, रा.यो.आयोग |
| ५४ | डा. विश्वम्भर प्याकुरेल, प्राध्यापक, त्रि.वि.वि. |
| ५५ | श्री श्रीकृष्ण उपाध्याय, पूर्व सदस्य, रा.यो.आयोग |
| ५६ | डा. पिताम्वर शर्मा, प्राध्यापक, त्रि.वि.वि. |
| ५७ | श्री लोक वहादुर श्रेष्ठ, पूर्व सचिव |
| ५८ | डा. भेष धमला, यु.एन.डि.पी. |
| ५९ | डा. पुरुषोतम सुवेदी, प्राध्यापक, त्रि.वि.वि. |
| ६० | डा. भोला नाथ चालिसे, पूर्व सचिव |
| ६१ | श्री जनक जोशी, जनसंख्या तथा वातावरण मन्त्रालय |
| ६२ | श्री श्याम सुन्दर शर्मा, कृषि तथा सहकारी मन्त्रालय |
| ६३ | श्री खेमराज नेपाल, स्थानीय विकास मन्त्रालय |
| ६४ | डा. हिरामणी धिमिरे, उद्योग,वा. तथा आपूर्ति मन्त्रालय |
| ६५ | श्री कृष्णहरि वास्कोटा, उद्योग वा. तथा आ. मन्त्रालय |
| ६६ | श्री विद्याधर मल्लिक, अर्थ मन्त्रालय |
| ६७ | श्री लाल शंकर धिमिरे, अर्थ मन्त्रालय |
| ६८ | श्री माधव प्रसाद धिमिरे, अर्थ मन्त्रालय |
| ६९ | श्री शुकदेव खत्री, म.ले.प.विभाग |
| ७० | श्री मोहन वञ्जाडे, कानून मन्त्रालय |
| ७१ | श्री काशीनाथ दहाल, सर्वोच्च अदालत |
| ७२ | श्री दिपेन्द्र क्षेत्री, नेपाल राष्ट्र बैंक |
| ७३ | श्री केशव आचार्य, नेपाल राष्ट् बैंक |
| ७४ | डा. राजेन्द्र सुवाल, स्टाफ कलेज |
| ७५ | डा. ठाकुरनाथ पन्त, पूर्व सचिव |
| ७६ | डा. मधुनिधि तिवारी, सदस्य, लोकसेवा आयोग |
| ७७ | डा. महेश वाँस्कोटा, इसिमोड |
| ७८ | डा. गुणनिधि शर्मा, सेडा |
| ७९ | डा. विनायक भद्रा, इसिमोड |
| ८० | डा. युवराज खतिवडा, नेपाल राष्ट् बैंक |
| ८१ | डा. गोविन्द्र वहादुर थापा, नेपाल राष्ट् बैंक |
| ८२ | श्री टुलराज वस्याल, अर्थ मन्त्रालय |
| ८३ | डा. हरि उपाध्याय, वखुण्डोल |
| ८४ | डा. श्रीकृष्ण श्रेष्ठ, काठमाडौं |
| ८५ | श्री टेक वहादुर थापा, कृषि मन्त्रालय |
| ८६ | श्री सोभाकर वैद्य, जि.टि.जेड |
| ८७ | श्री राघव ध्वज पन्त, कालिकास्थान |
| ८८ | श्री कैलाश प्याकुरेल, काठमाडौं |
| ८९ | श्री मनोज चिपालु, राष्ट्रिय योजना आयोग |
| ९० | श्री हिरालाल सिंह डंगोल, ,, |
| ९१ | श्री लक्ष्मण गौतम, ,, |
| ९२ | डा. विरेन्द्र वस्नेत, राष्ट्रिय योजना आयोग |
| ९३ | श्री ज्योती लोहनी, राष्ट्रिय योजना आयोग |
| ९४ | श्री महेश मान श्रेष्ठ, जलस्रोत मन्त्रालय |
| ९५ | डा. जगदीश चन्द गौतम, वानेश्वर |
| ९६ | डा. शिव प्रसाद शर्मा, काठमाडौं |
| ९७ | श्री शिव वहादुर नेपाली, काठमाडौं |
| ९८ | डा. सुरेश राज शर्मा, काठमाडौं वि.वि. |
| ९९ | डा. मथुरा श्रेष्ठ, पूर्व मन्त्री |
| १०० | डा. वेनुप राज कार्की, स्वास्थ्य मन्त्रालय |

१०१ डा. श्याम भट्टराई, स्वास्थ्य मन्त्रालय
१०२ डा. गजेन्द्रमणी प्रधान, वानेश्वर
१०३ श्री भुवनवज्र वज्राचार्य, लाजिम्पाट
१०४ श्रीमती सहाना प्रधान, सानेपा
१०५ डा. श्रीमती आरजु देउवा, थापाथली
१०६ श्रीमती अष्टलक्ष्मी शाक्य, नेकपा(एमाले)
१०७ श्रीमती दुर्गा धिमिरे, वानेश्वर
१०८ श्रीमती प्रतिभा सुवेदी, वालुवाटार
१०९ श्रीमती शान्ता थपलिया, नेपाल ल क्याम्पस
११० सुश्री इन्दिरा राणा, न्याय परिषद
१११ श्रीमती सुप्रभा धिमिरे, नेपाल प्राध्यापक संघ
११२ श्रीमती मिना आचार्य, वानेश्वर
११३ श्रीमती प्रभा ठक्कर, इसिमोड
११४ श्री गौरीनाथ रिमाल, पुतलीसडक
११५ श्री कर्णध्वज अधिकारी, पूर्व सचिव
११६ श्री शंकरकृष्ण मल्ल, पूर्व सदस्य, रा.यो.आयोग
११७ डा. लक्ष्मीराज पाठक, स्वास्थ्य मन्त्रालय
११८ डा. वि.डि.चटौत, स्वास्थ्य मन्त्रालय
११९ श्री वेदव्यास क्षेत्री, लोकसेवा आयोग
१२० श्री योगेन्द्र नाथ ओझा, लोकसेवा आयोग
१२१ डा. भिमदेव भट्ट, जनप्रशासन क्याम्पस
१२२ डा. निर्मल पाण्डे, सदस्य, रा.यो.आयोग
१२३ श्री पृथ्वी राज लिगंल, उपाध्यक्ष, रा.यो.आयोग
१२४ डा. रमेशानन्द वैद्य, सदस्य, रा.यो.आयोग
१२५ डा. जगदीश पोखेल, सदस्य, रा.यो.आयोग
१२६ श्री अवनेन्द्र कुमार श्रेष्ठ, स्थानीय विकास मन्त्रालय
१२७ डा. कृष्ण राम खड्का, स्टाफ कलेज
१२८ श्री सूर्य प्रकाश श्रेष्ठ, स्टाफ कलेज
१२९ डा. पराशर कोइराला, काठमाडौं
१३० श्री विहारी कृष्ण श्रेष्ठ, काठमाडौं
१३१ श्री विदुर के.सी., काठमाडौं
१३२ डा. किशोर कुमार गुरुघराना, विजुली वजार
१३३ श्री भोजराज पोखेल, पूर्व सचिव
१३४ श्री माधव प्रसाद ढकाल, अर्थ मन्त्रालय
१३५ श्री श्रीराम पन्त, अर्थ मन्त्रालय
१३६ श्री महेश कार्की, अर्थ मन्त्रालय
१३७ श्री सुन्दरमान श्रेष्ठ, अर्थ मन्त्रालय
१३८ श्री तुल्सी नारायण श्रेष्ठ, त्रि.वि.वि.
१३९ डा. श्रीकृष्ण हाक्षेथु, त्रि.वि.वि.
१४० डा. गम्भिर वहादुर हाडा, त्रि.वि.वि.
१४१ डा. चैतन्य मिश्र, चावहिल
१४२ श्री भानु आचार्य, उद्योग,वा. तथा आ. मन्त्रालय
१४३ श्री एन.डि.शर्मा, विश्व बैंक
१४४ डा. गोविन्द्र रेग्मी, उद्योग,वा. तथा आ. मन्त्रालय
१४५ श्री लिलामणि पौडेल, घ.तथा ग्रा.उ.वि.
१४६ श्री परिमल झा, हर्डेक
१४७ श्री के.के.सिंह, नेपाल चार्टर्ड एकाउन्टेण्ट संघ
१४८ श्री टि.आर.उपाध्याय ,,
१४९ श्री गोपाल राजवाहक ,,
१५० श्री विजय धिमिरे ,,
१५१ श्री कुवेर शर्मा ,,
१५२ श्री नेमलाल अमात्य ,,
१५३ श्री पुरुषोतम लाल श्रेष्ठ, ,,
१५४ डा. मनमोहन सिं, स्टाफ कलेज
१५५ श्री नारायण राज तिवारी
१५६ श्री कृष्ण वावु तिवारी, म.ले.नि.का.
१५७ श्री प्रताप कुमार पाठक, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१५८ श्री महेशराज शर्मा, स्था.वि.मन्त्रालय
१५९ श्री मुकुन्दराज प्रकाश ,,
१६० श्री ध्रुवजी अधिकारी, म.ले.नि.का.
१६१ श्री उपेन्द्र भट्टराई, ,,
१६२ श्री देवराज पाठक, कौषि तोषाखाना
१६३ श्री भगवति कुमार काफ्ले, रा.यो.आ.
१६४ श्री शंकर कोइराला, पर्यटन मन्त्रालय
१६५ श्री विश्व प्रकाश पण्डित, म.वि.विभाग
१६६ श्री गंगादत्त अवस्थी, स्था.वि.मन्त्रालय
१६७ श्री महेन्द्रनाथ अर्याल, जल तथा शक्ति आयोग
१६८ श्री चित्र देव भट्ट, रा.यो.आयोग
१६९ डा. दुर्गादत्त जोशी, कालिमाटि
१७० डा. उदय सिंह, वानेश्वर
१७१ श्री प्रताप सिं ताटेड, सिंचाई विभाग
१७२ श्री मदन दाहाल, त्रि.वि.वि.
१७३ श्री तेज राम पौडेल, त्रि.वि.वि.
१७४ श्री दिनेशचन्द्र प्याकुरेल, मेलम्ची खा.पा.यो.
१७५ श्री ध्रुव वहादुर श्रेष्ठ, भौ.यो.तथा नि.मन्त्रालय
१७६ श्री गौतम प्रसाद श्रेष्ठ, खानेपानी विभाग
१७७ डा. भगवान रत्न कंसाकार, इन्जिनियरिंग क्याम्पस
१७८ श्री मुक्तिनाथ जोशी, ए.डि.वी.
१७९ डा. जीतवर जोशी, खानेपानी विभाग
१८० श्री दिपक ज्ञवाली, ललितपुर
१८१ श्री केशव वहादुर चन्द, जलस्रोत मन्त्रालय
१८२ श्री ध्रुवराज भट्टराई, नेपाल विद्युत प्राधिकरण
१८३ श्री करुणा गोविन्द्र श्रेष्ठ, ए.डि.वी.
१८४ श्री शुशील शर्मा, क्षेत्रिय कोष निर्देशनालय
१८५ श्री केदार मान जोशी, म.ले.प.विभाग
१८६ प्रा.श्री चन्द्रमणी अधिकारी, करदाता सेवा केन्द्र
१८७ श्री चण्डी प्रसाद श्रेष्ठ, उ, वा. तथा आ. मन्त्रालय
१८८ श्री हरिशंकर त्रिपाठी, रा.यो.आयोग
१८९ श्री अनन्त लाल कर्ण, ने.चा.संघ
१९० श्री अजित नारायणसिंह थापा, वत्तिसपुतली
१९१ श्री किशोर वाँस्कोटा, वानेश्वर
१९२ श्री ईश्वर वन्त, इष्ट कन्सल्टेण्ट
१९३ श्री राजनसिं भण्डारी, नेपाल राष्ट् बैंक
१९४ श्री प्रदीप कुमार श्रेष्ठ, ने.उ.वा.महासंघ
१९५ श्री रुपज्योती, कान्तिपथ
१९६ श्री विनोद कुमार चौधरी, ने.उ.वा.म.संघ
१९७ श्री राजेन्द्र खेतान, ने.उ.वा.म.संघ
१९८ श्री महेल लाल प्रधान, ने.उ.वा.म.संघ
१९९ श्री जगदीश अग्रवाल, ने.चे.अफ कमर्श
२०० श्री दिवाकर गोल्छा, ने.उ.वा.म.संघ
२०१ श्री वालानन्द पौडेल, अर्थ मन्त्रालय
२०२ श्री नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था
२०३ श्री पियुष वहादुर अमात्य, विणा चेम्वर्श
२०४ श्री कृष्ण प्रसाद न्यौपाने, म.ले.प.विभाग
२०५ श्री वासुदेव लामिछाने, म.ले.प.विभाग
२०६ श्री हिमालय शम्शेर ज.व.रा.,हिमालयन बैंक
२०७ श्री पृथ्वी वहादुर पाण्डे, हिमालयन बैंक

## सुझाव दिने व्यक्ति तथा संघ / संस्थाको नामावली
## अन्तरक्रियामा सहभागी हुनेहरु र राय सुझाव पठाउने व्यक्ति तथा संगठित निकायहरु

### अन्तरक्रियामा सहभागी महानुभावहरु

#### माननीय मन्त्रीहरु :

१ मा. श्री आमोद प्रसाद उपाध्याय, मन्त्री, शिक्षा तथा खेलकुद मन्त्रालय
२ मा. श्री सुरेन्द्र चौधरी, मन्त्री, विज्ञान तथा प्रविधि मन्त्रालय
३ मा. श्री सिद्धराज ओझा, मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय
४ मा. श्री रामकृष्ण ताम्राकार, मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५ मा. श्री रामवरण यादव, मन्त्री, स्वास्थ्य मन्त्रालय
६ मा. श्री तारणी दत्त चटौत, मन्त्री, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
७ मा. श्री महेश आचार्य, मन्त्री, अर्थ मन्त्रालय

#### माननीय राज्य मन्त्रीहरु :

१ मा श्री शिव राज जोशी, मन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय
२ मा. श्री राम वहादुर गुरुङ०, राज्य मन्त्री, जलश्रोत मन्त्रालय
३ मा. श्री सुरेश मल्ल, राज्य मन्त्री, स्थानीय विकास मन्त्रालय
४ मा. श्री सुरेन्द्र हमाल, राज्य मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालय
५ मा. श्रीमती कमला पन्त, राज्य मन्त्री, महिला,वालवालिका तथा समाज कल्याण मन्त्रालय।
६ मा. श्री वलदेव शर्मा मजगैया, राज्य मन्त्री, कृषि तथा सहकारी मन्त्रालय ।

#### राष्ट्रिय योजना आयोग

१ मा. श्री पृथ्वी राज लिगल, उपाध्यक्ष ।

#### सचिवहरु :

१ श्री पदम प्रसाद पोखेल, सचिव, गृह मन्त्रालय ।
२ श्री खगेन्द्र बस्नेत, सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय ।
३ डा. विमल प्रसाद कोईराला, सचिव, अर्थ मन्त्रालय ।
४ श्री योद्धा शाह, सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय ।
५ श्री श्रीकान्त रेग्मी, सचिव, स्वास्थ्य मन्त्रालय ।
६ श्री डम्मरु वल्लभ भट्टराई, सचिव, श्रम तथा यातायाय व्यवस्था मन्त्रालय ।
७ श्री नारायण सम्शेर थापा, सचिव, परराष्ट्र मन्त्रालय ।
८ श्री पोषण नाथ नेपाल, सचिव, विज्ञान प्रविधि मन्त्रालय ।
९ श्री केशव राज राजभण्डारी, सचिव, रक्षा मन्त्रालय ।

#### सह सचिवहरु :

१ श्री कुमार प्रसाद पौडेल, सह सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
२ श्री महेश मान श्रेष्ठ, सह सचिव, जलस्रोत मन्त्रालय ।
३ श्री प्रेमनिधि ज्ञवाली, सह सचिव, सूचना तथा संचार मन्त्रालय ।
४ श्री खेमराज नेपाल, सह सचिव, स्थानीय विकास मन्त्रालय ।
५ श्री शुशील भट्टराई, सह सचिव, वन मन्त्रालय ।

६ श्री कृष्ण प्रसाद शर्मा, सह सचिव, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय ।
७ श्री माधव पौडेल, सह सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।
८ श्री श्याम सुन्दर शर्मा, सह सचिव, कृषि तथा सहकारी मन्त्रालय ।

अन्तरक्रियाका सहभागी हुने संस्थाहरु

१ आर्थिक पत्रकार समाज

सुझाव दिने संवैधानिक निकायहरु

१ सम्माननीय महालेखा परिक्षक
२ लोक सेवा आयोग

सुझाव दिने संगठित संस्थाहरु

१ नेपाल उद्योग वाणिज्य महासंघ, टेकू
२ राष्ट्रिय माछा व्यवसायी संध, जनकपुर
३ इन्द्र सरोवर मत्स्य व्यवसायी संध, कुलेखानी
४ श्री महिला शिप विकास केन्द्रका कर्मचारीहरु
५ नेपाल चेम्वर अफ कमर्श, चेम्वर भवन, कान्तिपथ

सार्वजनिक सूचनाको प्रत्युत्तरमा विभिन्न माध्यमबाट सुझाव पठाउनु हुने महानुभावहरु

१ श्री महेश मान श्रेष्ठ, स.स. जलस्रोत मन्त्रालय ।
२ श्री विदुर के.सी., पूर्व सह सचिव ।
३ श्री राजु गिरी, को.ले.नि.का. ।
४ श्री कृष्ण तिमिल्सिना, डिल्लीवजार ।
५ श्री तुलसीनाथ गौतम, शा.अ., संसद सचिवालय ।
६ श्री इच्छा वहादुर वुढाथोकी, ले.अ. सूचना विभाग ।
७ श्री सूर्य कुमार पण्डित, कलंकी, काठमाडौं ।
८ बेनामी, सह सचिव ।
९ श्री लोकनाथ गौतम, कास्की ।
१० श्री कुवेर शर्मा, भु.पु. सांसद ।
११ श्री हिरालाल सिं डंगोल, सह सचिव, राष्ट्रिय योजना आयोग ।
१२ श्री रुद्र प्रसाद हाडा, पूर्व कर्मचारी परिवार, नेपाल विद्युत प्राधिकरण ।
१३ श्री दीपेन्द्र वहादुर क्षेत्री, नेपाल राष्ट्र बैंक ।
१४ श्री नवराज भण्डारी, कलैया ४, वारा ।
१५ श्री सुकदेव खत्री, निर्देशक, महालेखा परिक्षकको विभाग ।
१६ श्री लाल शंकर धिमिरे, उप सचिव , अर्थ मन्त्रालय ।
१७ डा. रविन्द्र कुमार शाक्य, पूर्व सचिव ।
१८ श्री बावु राम सुवेदी, लेखा अधिकृत, पशुसेवा विभाग
१९ श्री केशव वास्तोला, बबरमहल ।
२० श्री उपेन्द्र प्रसाद भट्टराई
२१ श्री यशोदा तिम्सीना
२२ श्री युवराज पाण्डे
२३ श्री जगदीश चन्द्र गौतम
२४ श्री कमलेश, कपिलवस्तु
२५ कर्मचारीहरु मत्स्य विकास कार्यक्रम
२६ श्री बविता वस्नेत

परिशिष्ट - ९

## प्राप्त सुझावहरुको सारांश

१ सार्वजनिक खर्च व्यवस्थापनमा प्रभावकारिता :

- सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिनु पर्छ । National Vision Report तयार भएको छ । यसको कार्यान्वयन हुनु पर्छ ।
- कर्मैयालाई घरबास र मजदुरीको व्यवस्था मिलाउनु पर्छ ।
- कृषि विकासको लागि जग्गा चक्लाबन्दीमा जग्गाधनीलाई प्रोत्साहित गर्नुपर्छ ।
- सिंचाईमा भएको लगानीको तलुनामा प्रतिफल कम भएको पक्षमा ध्यान जानुपर्छ ।
- उव्जाउ भूमि बसोबासको लागि प्रयोग हुँदैछ । भू उपयोग नीति हुनु आवश्यक छ ।
- शिक्षा सेवामूलक हुनुपर्छ । माध्यमिकसम्म Trustee वा Company को रुपमा निजी क्षेत्रलाई संलग्न गराउन विधेयक कारवाहीमा छ । निजी विद्यालयवाट १प्रतिशत ग्रामीण शिक्षा कोषमा जम्मा गर्नु पर्छ ।
- ग्रामीण शिक्षा समिति वनाउने प्रयत्न भैरहेको छ । यसका लागि जनता र समाजलाई प्रोत्साहित गर्नु आवश्यक छ ।
- राष्ट्यि योजना आयोगमा बजेटलाई अन्तिम रुप दिने व्यवस्था हुनुपर्छ ।
- जनसंख्या नियन्त्रण सम्वन्धी दीर्धकालीन योजना वनाई लागु गर्नु पर्छ ।
- जनसंख्या व्यवस्थापन दीर्घकालिन रुपमा रहनु पर्छ ।
- जनसंख्या कार्यक्रम प्रभावकारी रुपमा लागू भएको पाइदैन ।
- मन्त्रालय र Line agency को भूमिका, सांसदलाई दिइने रु. १० लाखको भूमिका प्रष्ट हुनु पर्छ ।
- सबै निकायहरुको जिम्मेवारी प्रष्ट हुनुपर्‍यो, अव्यवस्थित परिस्थितिलाई व्यवस्थित कसरी गर्ने यसमा गृह कार्य हुनु पर्छ ।
- क्षेत्रिय सन्तुलनलाई कायम गर्न ध्यान दिनुपर्छ । क्षेत्रीय कार्यालय भएपछि विभागको भूमिका स्पष्ट हुनु पर्छ ।
- जिल्लास्तरमा दिनुपर्ने अधिकार केन्द्रमा रहँदा प्रभावकारी भएन । शिक्षक भर्ना र खोसुवा, स्वास्थ्य केन्द्रलाई केन्द्रले प्राविधिक सहयोग मात्र दिने र स्रोत परिचालन तथा व्यवस्थापन जिल्लालाई छोड्नु उचित हुन्छ ।
- पहाड र तराईमा भूमिसुधार, मालपोत र नापीलाई एकीकृत गर्ने स्थानीय निकाय र जिल्ला कार्यालयले गर्ने (जस्तै खानेपानी, स्थानीय निर्माण) कामहरुको लागि जि.वि.स.लाई जिम्मा दिनु उचित हुन्छ ।
- जिल्लामा development wing राखेर दरबन्दी समायोजन गरी खर्च घटाउन सकिन्छ ।
- संझौताहरुका शर्तहरुका कारणले पनि आयोजनाहरुको लागत वढ्न जान्छ ।
- राष्ट्यि योजना आयोगको भूमिका के हुनुपर्छ प्रष्ट हुन पर्‍यो । कुन निकाय को औचित्य के हो छलफल हुनु पर्छ ।
- बजेट तर्जुमा प्रक्रियामा आमूल सुधार : अधिकतम आर्थिक तथा सामाजिक लाभको दृष्टि राखी बजेट बनाउनु पर्छ, । उक्त लाभको सम्भाव्यता र विश्लेषण गरेर निर्धारित समय र लागत भित्र आयोजना सम्पन्न हुने व्यवस्था मिलाउन पर्छ ।
- दीर्घकालीन दृष्टिकोण र अवधारणावाट बजेट बन्नुपर्छ । यसको लागि आर्थिक प्रशासन सम्वन्धी कानून वनाएर मात्र पर्याप्त हुँदैन, कार्यान्वयन दरिलो हुनपर्छ । अर्थ मन्त्रालय, रा.यो.आ. र सम्वन्धित मन्त्रालय वीच समन्वय हुनु पर्छ ।
- खानेपानी, दुरसंचार, विद्युतको उत्पादन वितरणमा एकाधिकार हटाउनु आवश्यक छ ।
- अनुदानलाई नियन्त्रण गर्नुपर्छ । बजेटमा भैपरि शीर्षकमा अधिक रकम राख्नु उपयुक्त हुदैन ।
- आयोजनाको प्राथमिकता निर्धारण अत्यावश्यक छ ।
- पूँजीगत खर्चको वर्गीकरण स्पष्ट हुनु पर्छ ।
- विदेशी परामर्श सेवामा कटौती गर्नुपर्छ ।
- हरेक सांसदलाई निर्माण कार्य गर्न रुं १० लाख छुट्याइएको आलोच्य छ । यो बजेट सिद्धान्त र विकेन्द्रीकरणको भावना विपरित छ ।
- अनावश्यक रुपमा आयोग, परिषदको गठनले खर्च बढाएको छ ।
- रसुवाको गणेश हिमाल शिशा खानीमा भएको खर्च अनुसारको उत्पादन छैन ।
- अत्यन्त उत्पादनशील आयोजनामा मात्र ऋण लिने गर्नु पर्छ ।
- लागत लाभ अनुपात उच्चतम भएको, बढी भन्दा बढी जनसंख्या लाभान्वित आयोजनामा लगानी गर्नु पर्छ ।

- आयोजना सम्पन्न भएपछि लाभान्वित जनताले मर्मत सम्भार र त्यसवाट उठ्ने लाभको निश्चित अंश सरकारलाई उपलब्ध गराउने प्रतिवद्धता हुनु पर्छ ।
- दीर्घकालीन मर्मत सम्भार खर्च कम लाग्ने, कम खर्च र समयमा सम्पन्न हुने (उदाहरण : केवुलकार, रोपवे, जल परिवहन) जस्ता आयोजना संचालन गरिनु पर्छ ।
- वायु, सौर्य, विद्युत जस्ता वैकल्पिक उर्जा उत्पादन हुनेमा लगनी गर्नु पर्छ ।
- प्रशासनिक खर्च सम्वन्धी दैनिक भ्रमण भत्ता, र कार्यालय संचालन सेवा अन्तर्गतको खर्च शिर्षकहरुमा हालको विनियोजनको आधा कटौती गरे पनि फरक पर्दैन । जिल्लाहरुमा बिजुलीमा हुने खर्चमा कार्यालयको र व्यक्तिगत आवास क्वाटरको मिटर अलग राखेर व्यक्तिगत उपभोग भएको जति सम्वन्धितवाटै असुल गर्ने । टेलिफोनमा लगबुक राख्ने र खासगरी व्यक्तिगत कलको रकम तलबवाट असुल गर्नु पर्छ ।
- आयोजना पहिचान हचुवा छ, छनौट सम्भाव्यतामा आधारितभएको पाईदैन ।
- प्रत्येक जिल्लाले आवधिक योजना वनाउने, जिल्लाको सम्भाव्यता अध्ययन हुन पर्छ र प्राथमिकता अनुसार क्रम निर्धारण हुनु पर्छ ।
- सम्भाव्यता र समय तालिका विना आयोजना राख्न भएन । त्रिवर्षीय चक्र योजनामा जानुपर्छ ।
- सम्भाव्यता अध्ययन गर्न पैसा दिने, आयोजना बैंक बनाउने, त्यस मध्येको प्राथमिकता क्रम बनाएर कार्यान्वयनमा जानु पर्छ ।
- सम्वन्धित मन्त्रालयले आयोजनाको धारणाको अवस्थामा नै ध्यान पुऱ्याउन पर्छ । मन्त्रालयको यस सम्वन्धी क्षमता बढाउनु आवश्यक छ ।
- आयोजना कटाउने विषय स्वतन्त्र संस्थावाट मूल्याङ्कन र सिफारिश भएको आधारमा कारवाही हुनु पर्छ ।
- कृषिको उत्पादकत्व बढाउने र तदनुरुप मालपोत बढाउनु पर्छ । मिनाहा दिने चलन ठीक भएन ।
- पुरा नहुने आयोजनाको पुनरावलोकन हुनुपर्छ ।
- आधारभूत शिक्षामा हाम्रो लगानी अपर्याप्त छ ।
- सरकारको संलग्नता रहनु पर्ने क्षेत्रहरु कानुन निर्माण, राजश्व असुली, शान्ति सुरक्षा र कानूनका पालना हुनुपर्छ ।
- मानब अधिकारको प्रत्याभूति र भ्रष्टाचार नियन्त्रण हुनुपर्छ ।
- माध्यामिक तहसम्म र आधारभूत व्यवसायिक प्रशिक्षण निशुल्क हुनुपर्छ ।
- बाल, बृद्ध, अपाङ्ग आदिलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध हुनुपर्छ ।
- निजी क्षेत्र आकर्षित नहुने र अधिक लगानी हुने आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सार्वजनिक गर्नु पर्छ ।
- विदेशी लगानी आकर्षित गर्न पूलको काम गर्नुपर्छ ।
- संचार र पत्रिका सम्वन्धी संस्थानमा सरकार संलग्न रहनु हुदैन ।
- सरकारको संलग्नता शान्ति सुरक्षा, शिक्षा, स्वास्थ्य र सार्वजनिक निर्माणमा हुनु पर्छ ।
- गा.वि.स. र जिल्लालाई कुन क्षेत्र जिम्मा दिने (जस्तै शिक्षा, स्वास्थ्य) सम्वन्धमा स्पष्ट हुनुपर्छ ।
- सरकारवाट प्रवाह हुने सेवा सुविधा निजी क्षेत्रवाट उपलब्ध गराउन सकिन्छ ।
- प्राविधिक सहयोग र अनुदानलाई बजेटमा समावेश गर्नु पर्छ र लेखा राखिनुपर्छ ।
- मोटर सडकको नाली सफा गर्ने काम चेनेजको आधारमा तोकिदिने गरेमा करोडौं रकम बचत हुन्छ ।
- आयोजनामा कन्टिन्जेन्सी रकम समावेश नगरी बजेट शीर्षकमा राख्ने गरेमा नियन्त्रण प्रभावकारी हुन्छ ।
- सर्वसाधारणको लागि अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुमा सरकारी संलग्नता सशक्त हुनु आवश्यक छ ।
- स्थानीय स्रोत, साधनको प्रयोग हुने आयोजनाहरुमा ऋण लिएर लगानी गर्नुपर्छ ।
- सरकारको संलग्नता सडक/यातायात, सिंचाई, स्वास्थ्य, शिक्षा क्षेत्रमा हुनु पर्दछ ।
- जनतालाई प्रत्यक्ष असर पर्ने वाहेक सबै संस्थानहरु निजीकरण गरी श्री ५ को सरकारले प्रभावकारी अनुगमन गर्नुपर्छ ।
- जिल्लास्तरमा एकिकृत प्रशासनिक इकाईहरुको स्थापना गर्नु उचित हुन्छ ।
- सरकारी प्रशासनिक संयन्त्रको डाउन साइजिङ्गको अध्यास क्रमागत र बृत्ति विकासमा सकारात्मक परिणाम दिने प्रकृतिको हुनुपर्छ ।
- केही खास क्षेत्रमा वाहेक वोर्ड समिति जस्ता निकायले सार्वजनिक खर्चमा प्रतिकूल असर पारेको छ ।
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय खारेज गर्नु उपयुक्त छैन ।
- विदेश भ्रमणमा जाने पदाधिकारीहरुको संख्या निश्चित गर्नुपर्छ ।
- औषधी उपचार र राजनीतिक पिडित सहायता जस्ता सहयोग राशीमा कटौती गर्नुपर्छ ।

- प्राथमिकताको निर्धरण गरी मन्त्रालय र विभागको संख्या ऐनद्वारा निश्चित गर्नुपर्छ।
- सरकारको लगानी मुख्यतया पूर्वाधार निर्माण, निजीक्षेत्रबाट लाभ लिन कठिन हुने वा लामो अवधि लाग्ने वाबढी जोखिमपूर्ण रहेका पूर्वाधार विकासका आयोजनामा केन्द्रित हुनुपर्छ।
- ऋण लिने मापदण्डहरु निम्न बमोजिम हुनु पर्ने।
  - आयोजनाले लाभ पुऱ्याउने जनसमुदाय,
  - आन्तरिक प्रतिफल दर,
  - लाभ लागत अनुपात,
  - आयोजनाबाट पुग्ने अप्रत्यक्ष लाभ,
  - अन्य क्षेत्र वा अन्तर क्षेत्रमा पर्ने प्रभाव,
  - अर्थतन्त्रमा बढी योगदान दिने वा निर्यात बढाई आय आर्जनमा बढी योगदान दिने।
- मत्स्य विकास कार्यक्रमलाई छुट्टै निकायबाट कार्य संचालन गर्नुपर्छ।
- प्रशासनिक संरचना स्थानीय स्वायत्त शासनको मर्म अनुरुप खडा गरिनुपर्छ।
- सरकारी संयन्त्र प्रभावकारी र उत्तरदायी हुनुपर्छ।

२ नियमित तथा शिरोभार खर्चमा कटौती :

- शिरोभार खर्च कटाउन सम्पूर्ण तालीम केन्द्रहरु श्रम मन्त्रालय अन्तर्गत राख्नु उपयुक्त हुन्छ।
- भूमिसुधार र मालपोतलाई खासगरी पहाडी जिल्लामा गाभ्न सकिन्छ। नापीलाई सकिन्न।
- सुकुम्वासी आयोग राजनैतिक भएको। लामो समय राख्न हुन्न। मन्त्रालयले व्यवस्थापन गर्नु पर्छ।
- शीप विकास तालीम केन्द्र प्रभावकारी छैन, बजेट सक्ने काम मात्र भएको छ।
- बैदेशिक रोजगारको लागि सक्रिय रुपमा काम नभएको। श्रम विभागको पुनः संरचना हुनु आवश्यक छ।
- कार्यकर्ता र मतदाताको मन्त्रीमाथि दवाबले कर्मचारीहरुको चाँडोचाँडो फेरबदल हुने गरेको छ।
- जनसंख्या महिला मन्त्रालय तर्फ र नदी नियन्त्रण, भूसंरक्षण, वन तर्फ राख्नु उपयुक्त हुन्छ।
- वातावरण, विज्ञान र प्रविधि एकै मन्त्रालयमा हुन उचित हुन्छ।
- जनसंख्या र वातावरण मन्त्रालय नभएपनि हुन्छ।
- कर्मचारीको कार्य प्रवृतिमा सुधार हुनपर्छ।
- सही परिचालन र पदीय दायित्व निर्वाहको अभाव छ।
- कार्यवोझ अनुसार दरवन्दी हुनुपर्छ।
- एउटै कार्यप्रकृतिको कार्यालय गाभ्न सकिन्छ।
- आवश्यक दरवन्दी कटाउन हुँदैन। चाहिने (दक्षता) कर्मचारी नहुँदा काममा वाधा हुन्छ।
- दरबन्दी कहाँलाई कति भन्ने अनुसन्धान भएको छैन।
- मन्त्रालयमा सचिव र मन्त्रीवीच सम्वन्वय छैन।
- दरबन्दी कटौती सरकार वाहेक अन्यत्र पनि गर्नुपर्छ।
- अनुगमन र मूल्यांकनको आधारमा दण्ड पुरस्कारको व्यवस्था हुनुपर्छ।
- सरकारको (संगठन) सानो बनाउने भनेर संरचनामात्र हेरियो। तलब खाने कूल संख्या ३.५ लाख छ, निजामती कर्मचारी यस मध्ये १ लाख छ भने २० प्रतिशत घटाए पनि ठूलो असर आउदैन।
- राजश्व बढाउन अधिकृतमूलक (जस्तै मूल्य अभिवृद्धि कर) पद्धति बनाउन पर्छ।
- दरबन्दी बढाउन दातृसंस्थाको दवाब पर्ने गरेको छ।
- अर्थ मन्त्रालयको पनि प्रभावकारिता बढाउन पर्छ।
- दरबन्दी मूल्याङ्कन गरेर खारेज गर्ने अधिकार विभाग र मन्त्रालयलाई दिनु उचित हुन्छ।
- विभिन्न मन्त्रालय वीच कार्यगत एकरुपता भएको पाईदैन।
- संघ र संगठनको कारणले कर्मचारीमा अनुशासनहिनता बढेको छ।
- दरवन्दी वारे सा.प्र.मन्त्रालय र मन्त्रालय बीच धारणा फरक भएकोले समन्वय भएको पाईदैन।
- कामको भार हेरी प्रशासनको संरचनाको पुनरावलोकन हुनुपर्छ।

- क्षेत्रपाल आवश्यक छ। व्यक्ति प्रशासनको तर नियुक्ति राजनैतिक हुनुपर्छ।
- क्षेत्रीय निर्देशनालय कृषिको तराईमा र वनको भित्री मधेशमा हुनुपर्छ।
- मन्त्रालयले नभ्याएको कामको लागि मात्र आयोग/समिति गठन गर्नुपर्छ। भैरहेको सरकारी अंग परिचालन गरेर काम लिन सकिन्छ।
- शिक्षा मन्त्रालय अन्तर्गत परिषद, केन्द्रहरु एकीकृत गर्न सकिन्छ।
- शिक्षा विभाग भएपछि क्षेत्रीय निर्देशनालयको औचित्य छैन।
- क्षेत्रीय निर्देशनालय, विभाग, मन्त्रालयहरुको संख्यात्मक कटौती गर्नुपर्छ।
- ७५ जिल्ला र २०५ निर्वाचन क्षेत्रलाई घटाउने, पुनरावेदन अदालतको संख्या घटाउनु पर्छ।
- प्रहरी तर्फ क्षेत्रीय प्रहरी कार्यालयको औचित्य देखिदैन।
- सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालयको अंग बनाउने, विज्ञान तथा प्रविधिलाई रोनाष्ट र राष्ट्रिय योजना आयोग वीच बाँडफाँड गर्ने, जनसंख्या वातावरण मन्त्रालय आवश्यक छैन।
- विभागहरु बढ्दै गएको छ। जस्तै वन मन्त्रालय अन्तर्गतको ५ वटाको सट्टा एउटा गरी अरुलाई महाशाखा गरे पुग्छ।
- जिल्ला पनि ४०-४५ गरे पुग्छ। यातायात संचार साधनको उपलब्धताले पनि त्यसो गर्न सके जिल्लास्तर कार्यालयहरु घटी खर्च वच्छ। स्थानीय स्वायत्त शासन लागू भएको सन्दर्भले कतिपय जिल्लास्तर कार्यालयको काम छैन।
- क्षेत्रीय कार्यालयहरु निष्क्रिय छन्।
- एउटै कार्यालयको महाशाखा शाखा एउटै भवनमा राख्ने गर्दा घरभाडा वचत हुन्छ।
- जिल्लामा कार्यालयलाई चाहिने भन्दा बढी कोठाको घर भाडामा लिएर कर्मचारी समेत बस्ने गरेकोमा कार्यालयलाई चाहिने जति मात्र लिने। विभाग र क्षेत्रीय निर्देशनालयहरुमा एउटा राख्ने। विकेन्द्रीकरणको सिद्धान्त अनुसार क्षेत्रीय निर्देशनालय राखी विभाग हटाउने।
- जिल्ला कारागार शाखाहरु छुट्टै कार्यालय नगरी जिल्ला प्रशासन अन्तर्गत शाखाको रुपमा राख्नु उपयुक्त हुन्छ।
- जिल्ला भुमिसुधार र मालपोत अलग अलग छन् ३५ जिल्लामा एउटै भए खर्च जोगिन्छ।
- जिल्लास्तरको खानेपानी र सिंचाईको कार्यालय एउटै भए हुन्छ।
- शीप प्रवर्द्धन गर्ने तालिममुखी कार्यक्रम भएका विभिन्न कार्यालयहरुको रोजगारमूलक कार्यालय वा तालिम प्रवर्द्धन कार्यालय नामवाट कार्य संचालन हुन सक्छ।
- क्षेत्रीयस्तरका निर्देशनालय र कार्यालय साथै केही विभागहरु हटाउनु पर्छ। विभागको प्रमुख र क्षेत्रीय प्रमुख एकै स्तरको हुने र अधिकार क्षेत्र पनि त्यस्तै हुँदा प्रभावकारी भएको पाईदैन।
- हरेक जिल्ला र क्षेत्रीय स्तरमा एउटा मन्त्रालयको एउटै कार्यालयवाट कार्य संचालन गर्नुपर्छ।
- जिल्ला र केन्द्रमा कृषि,पशु विकास, सहकारी कार्यालयहरु एकीकृत गर्ने। जिल्ला स्तरको अर्थ मन्त्रालयको कार्यालयहरु पनि एकीकृत गर्नुपर्छ।
- आयोजना पिच्छे कार्यालय र दरवन्दी थप्नु आवश्यक छैन।
- लेखापाललाई जिल्लास्तरसम्म एकीकृत गर्नुपर्छ।
- पाँच वटा विकास क्षेत्रमा बाहेक अरु पुनरावेदन अदालत र सरकारी वकीलको कार्यालय पनि खारेज गर्नु पर्दछ।
- नगर विकास समितिको औचित्य छैन ।
- अध्यागमनलाई जिल्ला प्रशासनमा गाभी सीमा र इलाका प्रशासन खारेज गर्ने। लागू पदार्थ नियन्त्रण गुरु योजनाको औचित्य छैन।
- विद्युत महशुल निर्धारण आयोगको औचित्य छैन।
- अस्थायी, ज्यालादारी कर्मचारी नराख्ने, ऐन भएपछि कडाईका साथ पालना हुनपर्छ।
- पहाड र तराईमा भूमिसुधार, मालपोत र नापीलाई एकीकृत गर्ने। खानेपानी, स्थानीय निर्माण जस्ता कामहरु जि.वि.स.लाई जिम्मा दिनुपर्छ।
- १५ ओटा हिमाली जिल्लाहरु पहाडी जिल्लामा गाभी ६० कायम गर्ने। गाभिएको हिमाली जिल्लामा सीमा प्रशासन कार्यालय र अत्यावश्यक सेवा बाहेक भवन, सहकारी, सिंचाई, खानेपानी हटाउने। कृषि र पशु, वन तथा भू संरक्षणलाई गाभ्ने, सहकारीलाई कृषि विकासमा एकिकृत गर्नुपर्छ।
- जिल्लामा भएको विभिन्न मन्त्रालयको कार्यालयहरुलाई कार्यवोझ हेरी एउटै छातामुनी राख्नु उचित हुन्छ।

- सेवा सुविधा संचालन गर्ने कार्यालयको हकमा यातायात र संचार सुविधा भएको र नजिकता हेरी २/३ जिल्लालाई एउटै कार्यालयमा राख्नु उपयुक्त हुन्छ ।
- क्षेत्रीय स्तरको कार्यालय भएको जिल्लैमा जिल्लास्तर कार्यालय राख्नु उपयुक्त हुदैन ।
- एउटै केन्द्रीय स्तरको निकायको राष्ट्रिय स्तरको योजना संचालन गर्ने कार्यालय छ भने त्यही संगठनको जिल्लास्तरको योजना पनि त्यसैलाई गर्न दिनु उचित हुन्छ ।
- एउटै प्रकृतिको कार्यक्रम एकभन्दा बढी मन्त्रालयमा छरिएकोलाई एकीकृत गरी संचालन गर्ने । उदाहरण: शिक्षामा अनौपचारिक शिक्षा र स्वास्थ्यमा जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालमा २०-२२ ओटासम्म बजेट शिर्षकमा रकम निकासा हुने गरेको । हेल्थपोष्ट र आयुर्वेदको अलग अलग रहने व्यवस्था रहेकोले यिनीहरुलाई एकिकृत गर्ने ।
- भूमि व्यवस्थापन र स्वामित्वको केन्द्रमा रेकर्ड हुनु आवश्यक छ ।
- केही भूमिसुधार कार्यालयहरु हटाएर मालपोतले हेर्ने गर्न सकिन्छ । मालपोतमा कर्मचारी घटाउनु पर्छ ।
- आयोजना प्रमुखको नियुक्ति ढिला हुने, कार्ययोजना प्रष्ट नहुने, अनुगमन र रेखदेखको अभाव, डिजाइनमा त्रुटीले समय र पैसाको खर्च बढन गएको छ ।
- अस्पताल मर्मत सम्भार कार्य करारमा गर्नुपर्छ ।
- प्राथमिक, माध्यमिक विद्यालयको अनुदान विद्यार्थी संख्याको आधारमा दिने र स्थानीय समुदायवाटै संचालन हुनुपर्छ ।
- कृषि, पशु विकासको कार्यक्रमहरु पुनरावलोकन गरी एकीकृत वा खारेज गर्नुपर्छ ।
- औपचारिक शिक्षा, राष्ट्रिय साक्षरता अभियान प्रभावहीन छ । पुनरावलोकन गरी वैकल्पिक उपाय खोज्नु आवश्यक छ ।
- नियमित बजेटबाट गएको पैसा खर्च नहुँदा शिक्षक भर्ना गर्ने प्रकृया शुरु भएको छ ।
- समीक्षा बैठक खासै उत्पादक छैन ।
- मन्त्रीको निजी सचिवालयलाई विभागीय जिम्मा अनुसार अनुगमन गर्ने कर्मचारी दिनुपर्छ ।
- अर्थ मन्त्रालयको परिपत्रमा एकरुपता हुनु आवश्यक छ ।
- कार्यकारिणीले स्वेच्छाले मन्त्रालय लगायत संगठन थपघट गर्न पाउने गरेकोलाई व्यवस्थापिकाले अंकुश लाउनुपर्छ ।
- विभाग अन्तर्गत प्रयोग हुने फारामहरु केन्द्रीयस्तरमा छपाई वितरण गर्नुपर्छ ।
- जनसंख्या शिक्षामा दोहरो खर्च छ ।
- म्याचिङ्ग फण्ड पर्याप्त भएको पाईदैन ।
- साधारण खर्चमा Cap गर्नुपर्ने स्थिति छ । कूल राजस्वको कति साधारण खर्च राख्ने यकिन हुनपर्छ । सरकारको दायित्वको सीमा तोक्नुपर्छ ।
- पेन्सन पनि समस्यामूलक भयो । प्रहरीतर्फ समय लामो भो । अध्ययन गरी सीमा निश्चित गर्नुपर्छ ।
- म.प. वाट समितिहरुको गठन अनावश्यक रुपमा भएकोले विकृति बढेको छ ।
- अतिरिक्त हुलाक खारेज गर्ने । One-man post office शुरु गर्नुपर्छ ।
- अनियन्त्रित खर्चलाई सीमामा राख्नु पर्छ ।
- दातृसंस्थाको दवाबमा हुने कामले दोहरोपन बढेको छ ।
- कार्यालय संचालन र सेवा रकमहरुवारे मापदण्ड हुनपर्ने । प्रत्येक आगामी वर्षलाई बजेट तर्जुमा गर्दा चालु वर्षको खर्चमा ४/५ प्रतिशत बढाएर बजेट बनाउने चलन बन्द गर्नुपर्छ ।
- जिल्ला सहकारी कार्यालयहरु कृषि विकास कार्यलय अन्तर्गत राख्नुपर्छ ।
- ढुवानी अनुदान खारेज गर्नुपर्ने । सम्पूर्ण विकास समितिलाई स्वावलम्वी हुन कार्ययोजना तयार गरी लागू गर्नु पर्छ ।
- भवन निर्माण संहिता, निर्माण निर्देशिका जस्ता नियमित कार्यलाई अलगै बजेट चाहिदैन ।
- गैर सरकारी संस्थालाई दिइने अनुदान अपारदर्शी भएकोले खारेज गर्नु पर्छ ।
- उद्योग मन्त्रालय अन्तर्गतमा अधिकाँश आयेजनाको औचित्य छैन ।
- अल्पकालीन तालिम, गोष्ठीहरुलाई बजेट विनियोजन गर्नु आवश्यक छैन ।
- एउटै कार्यालयले संचालन गर्ने उपशीर्षकहरु एकीकृत गरी एउटै उपशीर्षक बनाउने । हरेक उपशीर्षकको लागि उही उही रकम नम्वरमा अलग अलग रकम विनियोजन हुँदा समग्रमा अत्यधिक हुन आउँछ ।
- मर्मत सम्भार खर्च उपकरणको वर्तमान मूल्यको ५ प्रतिशत भन्दा बढी गर्न नहुने गर्नुपर्छ ।
- सवारी इन्धन खर्च गाडीको संख्यागत रुपमा कोटा नापेर इन्धन दिने व्यवस्था गर्नुपर्छ ।
- छपाई, पत्रपत्रिका, पुस्तक, फर्निचर इत्यादि केन्द्र, विभाग, जिल्लास्तर कार्यालयको मापदण्ड बनाउनु पर्छ ।

- सवारी साधन पुरानोबाटै काम चलाउने, नयाँको लागि मापदण्ड बनाउनु पर्छ ।
- योजनाको शिरोभार खर्च बढी छ ।
- तलब भत्ता / संचालन खर्चको अनुपात निर्धारण हुनुपर्छ ।
- केही जि.प्र.का. ले आयोजनावाट पनि आफू बस्ने घरको भाडा व्यहोर्न गरी मिलाउने गरेका छन् ।
- खरीद गरिने वस्तु र सेवा थोक मूल्य सुविधा उपलब्ध गरी त्यस्तो मूल्यहरुको सूची सबै कार्यालयहरुमा परिपत्र हुनुपर्छ ।
- विजुली, टेलिफोन खर्च विनियोजन भन्दा बढी भएमा कार्यालय प्रमुख जिम्मेवार हुने अनिवार्य गर्नुपर्छ ।
- केन्द्रीय स्तरले रकम जगेडा राख्ने बन्द गर्नु पर्छ ।
- रासन पाउने दरबन्दी भएकालाई नगद दिइने गरिन्छ यो प्रवृत्ति बन्द गरेर सम्भावित धाँधली रोक्नुपर्छ ।
- दैनिक भ्रमण भत्ताको उपभोगमा पारदर्शिता छैन । परिवार नभए पनि परिवारको भत्ता लिनेलाई अनुगमन गरी कारवाही हुनु पर्छ ।
- सार्वजनिक निर्माण सुधार रकम अन्तर्गतवाट आयोजनाको कन्टिन्जेन्सी भनी छुट्याएको रकमवाट ज्यालादारीमा भर्ना गर्ने गर्दा खर्च बढेको छ । नियन्त्रणको उपाय हुनुपर्छ ।
- हुलाक सेवा प्राधिकरण/निजीकरण गर्नुपर्छ ।
- होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र निजी क्षेत्रलाई दिनु उचित हुन्छ ।
- मन्त्रालय, विभाग, निर्देशनालय घटाउनु पर्छ ।
- जिल्लाहरुको संख्या ३५ गर्न सकिन्छ । काठमाण्डौं उपत्यकाको ३ जिल्लालाई एकीकृत प्रशासन अन्तर्गत राख्ने तर्फ सोच हुनु पर्छ ।
- संवैधानिक आयोगहरुमा सदस्य संख्या बढी छ ।
- अनावश्यक/दोहोरो कार्यक्रमलाई हटाउनु पर्छ ।
- लागत अनुमान जाँच गर्न अलग्गै निकायको प्राविधिक रहेको समितिबाट अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ ।
- सभा सम्मेलन र गोष्ठिमा हुने खर्च र परामर्श शुल्क बापत हुने खर्चमा कटौती गर्नुपर्छ ।
- सरकारी गाडीको दुरुपयोगमा नियन्त्रण गर्नुपर्छ ।
- सहायक कर्मचारीहरु माथिको निर्भरतालाई कम गर्नुपर्छ ।

३ <u>वित्तिय अनुशासन :</u>

- Non-budgetary खर्च नगर्ने । यो रोक्न समन्वय हुन सकेको छैन ।
  केही करहरु पुनरावलोकन गरेर जिल्लाले उठाउन दिनु पर्छ ।
- Non budgetary खर्च रोक्न अन्तर मन्त्रालयमा समन्वय भएको छैन ।
- सवारी साधन समेतको तथ्यांक छैन ।
- भ्रष्टाचार नियन्त्रण गर्नलाई प्रत्येक राष्ट्रसेवकले हरेक महिना सम्पत्ति विवरण पेश गर्ने र अख्तियार दुरुपयोग आयोगले छानवीन गर्ने । सार्वजनिक सूचनाको माध्यमवाट राष्ट्रसेवाको जीवनशैलीमा आएको परिवर्तनलाई अख्तियारमा लिखित वा मौखिक जानकारी गराउने व्यवस्था गर्नपर्ने र प्रमाणित भएमा जानकारी दिनेलाई केही प्रतिशत पुरस्कार स्वरुप दिने गर्नुपर्छ ।
- अनुमानित कसुरलाई बढी सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ ।
- अस्थायी कर्मचारी नरहने भन्ने भएपनि अझै पनि कार्यरत छन् । यसमा रोक लगाउनु पर्छ ।
- विनियोजन रकम अनुगमन गर्ने इकाइ सबै मन्त्रालयमा हुनु पर्छ । रा.यो.आ.संग समन्वय गरेर केन्द्रीय अनुगमन इकाईले समीक्षा गर्नुपर्छ ।
- भ्रमण भत्ता वारे कहींवाट त नियन्त्रण गरिनुपर्छ । ठूलो अंश बजेट भन्दा बाहिर खर्च हुन्छ ।
- भैपरी खर्च म.पं. वाटै रोकिनु पर्छ । साधारण खर्च यसले पनि बढेको छ ।
- गृह र रक्षामा अन्धाधुन्ध खर्च बढेको छ । पूँजीगत सामानको रेकर्ड छैन । event पिच्छे दरवन्दी र पूँजीगत खर्च बढेको छ ।
- अनावश्यक भत्ता वोर्ड र समितिले पास गरेर खर्च वढेको छ ।
- ले.प. ले देखाएको असुल उपर गर्ने रकम, हिनामिना भ्रष्टाचार गरेको रकमहरु कानूनी तरिकावाट असुल उपर गर्ने व्यवस्था मिलाउनु पर्छ ।

- मन्त्री र निजी सचिवहरुले सरकारी सवारी साधनको दुरुपयोग गरेका छन् । मं.प. को निर्णय लागू गराउने तर्फ ध्यान जानु आवश्यक छ ।
- स्थानीय निकायले गर्ने खर्च, गृह र अर्थवाट हुने भैपरी खर्च, अतिथि सत्कारको खर्च, भन्सार छुटमा सवारी साधन पाउनेले सो साधन प्रयोग नगरी सरकारी साधननै प्रयोग गर्ने, मनसाय राखेर नै आयोजनाको समय बढाउने प्रवृत्ति नियन्त्रण गर्ने नीति र प्रक्रियागत सुधार आवश्यक छ ।
- म.ले.प. प्रतिवेदन अन्तर्गत किटान भएको बेरुजू र लोक सेवा आयोगले किटान गरेको सम्बन्धमा छिटो छरितो रुपमा दुरुपयोग भएको रकम असुल गर्ने संयन्त्रको विकास गर्नु पर्छ ।
- सरकारी भवनमा सबै कार्यालय राख्ने, भाडाको चलन बन्द गर्नु पर्छ ।
- आर्थिक सहायता, चन्दा पुरस्कार वापत रकम विनियोजन गर्नु आवश्यक छैन ।
- बेरुजू कम गर्न पूर्व अडिट गरेर निकासा दिने गर्नु पर्दछ ।
- सवारी साधन एकै तहको कर्मचारी कसैलाई हुने कसैलाई नहुने हुनु भएन । सवारी साधन पाउने पदाधिकारीलाई परिवहन खर्च दिए हुने । बेरुजू घटाउन आर्थिक ऐन नियमको पालनामा जोड दिनु पर्छ ।
- जिल्लास्तरमा लेखा कार्य एउटै को.ले.नि.का. छातामुनि भए कमिशनमा नियन्त्रण हुने देखिन्छ ।
- मलेप प्रतिवेदन अनुसारको उपायहरु निशर्त कार्यान्वयन हुनपर्छ ।
- दामकाम गर्ने व्यक्तिलाई बेरुजूको जिम्मेवार गराइनुपर्छ ।
- बेरुजू फछ्र्यौटको कानूनी प्रावधानको कार्यान्वयन हुनपर्छ ।
- कर्मचारीको सम्पत्ति विवरण अनिवार्य रुपमा लिने र छानवीन गर्ने, बढी जति जफत गर्न व्यवस्था गर्नुपर्छ ।
- बोलपत्रवाट मूल्य सूचिकृत गराउनुपर्छ ।
- प्रत्यक्ष भुक्तानीवाट दोहरो खर्च हुने गरेको छ । रातो किताव अनुसारमात्र हुनपर्छ ।
- अनुदान रकम आ.व. को अन्तमा फ्रिज हुनपर्छ ।
- विस्फोटक पदार्थ सुरक्षार्थ कागजी रुपमा २ दर्जन भन्दा बढी प्रहरी एक ठाँउमा खटाएर दैनिक तथा भ्रमण भत्ता खर्च गराईन्छ, जाँदा २/३ जनामात्र जान्छ, रासन पनि दोहोरो खर्च हुने हुँदा नियन्त्रण गर्नपर्छ ।
- आयोजनाको कन्टिन्जेन्सी रकमको दुरुपयोग नियन्त्रण गर्नु पर्छ ।
- जिल्लाभित्रको स्थायी ठेगाना भएकालाई स्थानीय भत्ता बन्द गरिनुपर्छ ।
- रासन पाउने कर्मचारीहरुलाई नगद दिने र दुर्गम क्षेत्रको यस्तो कर्मचारीले खाद्य संस्थानवाट वितरित राशन पाउँदा दोहरो पर्न गएको हटाउनु पर्छ ।
- मन्त्रालय/विभागले बेरुजूको प्रभावकारी अनगुमन गर्ने र फछ्र्यौट नगर्नेलाई कडा कारवाही गर्नुपर्छ ।
- हाल गरिने सजायमा हल्का हुने गरेकोमा हदैसम्मको जरिवाना गर्नुपर्छ ।
- बेरुजू फछ्र्यौट बक्यौताको लागि समिति बनाउने परिपाटी अन्त्य गर्नुपर्छ ।
- जग्गा, भवन र गोदामहरुको लगत तयार गर्ने र अद्यावधिक गर्न कारवाही गर्नुपर्छ ।
- प्राविधिक सहायता अन्तर्गत आउने सवारी साधन, उपकारणहरुको लगत राख्ने । जिन्सी खातामा आम्दानी बाँध्ने व्यवस्था गर्नुपर्छ ।
- मलेपको प्रतिवेदन र त्यस उपर सार्वजनिक लेखा समिति समेतवाट कैफियत भएकोमा प्रभावकारी अनुगमन गर्ने । अनियमित भएकालाई भएको कारवाही सार्वजनिक गर्नुपर्छ ।
- आर्थिक प्रशासन सम्वन्धी कानून नियम उल्लंघन गर्नेको नाम सार्वजनिक गर्नुपर्छ ।
- विशिष्ट व्यक्तिहरुको विदेश भ्रमणमा नियन्त्रण गर्नुपर्छ ।
- निर्माण सम्वन्धी भारी उपकरणहरुलाई सानोतिनो पार्टपुर्जा नमिलेकोमा संचालन योग्य अवस्थामा राख्ने व्यवस्था हुनुपर्छ ।
- परामर्शदाताले ठेकेदारको वकालत गर्ने गरेको छ ।
- पव्लिक लि. मा परिणत गरी सरकारी स्वामित्व क्रमशः हटाउनु आवश्यक छ ।
- घाटामा भएकोलाई निजीकरण/ लिक्विडेशन गर्नुपर्छ ।
- निजी क्षेत्र आकृष्ट नहुने । उपयुक्त नहुनेमा व्यवस्थापन सुधार गर्नुपर्छ ।
- नवौं योजनाको लक्ष्य अनुसार निजीकरणको काम सम्पन्न गर्नुपर्छ ।
- आर्थिक प्रशासनिक नियमको कार्यालयमा प्रभावकारिता ल्याउनु आवश्यक छ ।

- सरकारी सम्पत्तिको उपयोग गर्ने पदाधिकारीलाई सबै जिम्मेवारी दिएर हानी नोक्सानी भएमा क्षतिपूर्ति सम्वन्धित पदाधिकारीबाटै भराउने व्यवस्था गर्नुपर्छ ।
- सूचना प्रविधिलाई प्रभावकारी बनाउनु पर्छ ।
- खरिद विक्रि बापत प्राप्त हुने कमिशन प्रणालीलाई निर्मूल गर्नु आवश्यक छ ।
- विद्यमान वोलपत्र प्रणालीमा सुधार गर्नुपर्छ ।
- विदेशी ऋण र अनुदान स्विकार गर्दा उत्पादकत्वलाई प्रमुख आधार बनाउनु पर्छ ।
- कार्यक्रमको साथसाथै बजेट खर्चको पनि अनुगमन गर्नुपर्छ ।
- बजटे तर्जुमा गर्दा व्यवहारिक मापदण्ड अपनाउनु पर्छ ।
- लेखा परिक्षण प्रक्रियामा समयानुकूल परिवर्तन गर्नुपर्छ ।
- राजस्वको चुहावटमा रोक लगाउनु पर्छ ।
- कार्यालयका जिन्सी, औजार एवम् सवारी साधनको दुरुपयोगमा रोक लगाउनु पर्छ ।

४ **संस्थान / निजीकरण :**

- संस्थानहरुको दरबन्दी र आर्थिक सुविधा बारे अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने आवश्यक छ ।
- संस्थानलाई तलब खुवाउन अनुदान दिन उचित छैन ।
- राजश्व बृद्धि गरी खर्च पनि घटाउनु आवश्यक छ ।
- अनुदान कहाँ दिने पुनरावलोकन गरी क्रमशः हटाउनु पर्छ ।
- बस्तु तथा अत्यावश्यक सेवा बाहेक विषयको संस्थानको निजीकरण गर्नु पर्छ ।
- अनुगमन र मुल्याङ्कन विहीन अनुदान जस्तोमा विशिष्टिकृत निकायले अनुगमन गर्नुपर्छ ।
- उद्योग र व्यापार निजी क्षेत्रलाई क्रमशः छोडि दिनु पर्छ ।
- सरकारी अनुदान लगानी प्राप्त गर्नेमा, अनुदान नीति प्रष्ट गर्ने, कार्यक्रम आधारित गर्ने र अनुगमन प्रतिवेदनको आधारमा निकासा दिने । दिएको अनुदान कार्यक्रममा खर्च नभएको जति निकासा नदिई अर्को क्षेत्रलाई सार्ने । आफ्नो पनि श्रोत उपलव्ध हुनेको हकमा अनुदानको अनुपात निश्चित गर्नुपर्छ ।
- सबै संस्थानलाई समान व्यवस्था लागु हुनु पर्छ ।
- सरकारी प्रतिनिधिले नीति अनुरुप ध्यान पुऱ्याएको पाईदैन ।
- निजीकरणमा ज्यादै राजनीति भयो । Speedy प्रक्रिया चाहियो । अर्थ मन्त्रालयलाई सबै पन्छाउनु भएन, सम्वन्धित मन्त्रालयले पनि स्वामित्व लिनुपर्छ ।
- अर्थ मन्त्रालयवाट संस्थानको वित्तीय अनुगमनको अभाव छ ।
- निजीकरण अपरिहार्य छ छिटो हुनुपर्ने, सहजकर्ताको भूमिका हुनुपर्छ ।
- संस्थान प्रमुखको जिम्मेवारी कर्मचारीलाई दिँदा पनि हालत सुध्रिएको छैन ।
- संस्थानको एकाधिकार हटाउनै पर्छ ।
- सरकार परिवर्तन हुँदा प्रमुख पनि परिवर्तन हुने अवस्थामा सुधार हुनुपर्छ ।
- रुग्ण संस्थान वन्द गर्नुपर्छ ।
- राष्ट्रिय सहमतिको अभाव छ ।
- वर्तमान ऐन ढिलासुस्तीको कारक भएको छ ।
- निजी क्षेत्रमा पनि व्यवस्थापन कुशलना भएको पाईदैन ।
- निजीकृत कारखानाको उपलब्धि वारे उचित समाचारहरु संचार माध्यममा आएको पाईदैन ।
- निजीकरण गरिने उद्योगमा केही नकेही सरकारी शेयर राख्नु आवश्यक छ ।

**अन्य :**

- GDP को ११ प्रतिशत मात्र राजस्व परिचालन हुनसकेको छ । यो अवस्थालाई सुधार्न नसकुन्जेल के गर्ने ? भन्ने पक्षमा ध्यान जानु आवश्यक छ ।

## स्थलगत अध्ययन भ्रमणबाट प्राप्त सुझावको सारांश

सार्वजनिक खर्च पुनरावलोकन आयोगका सदस्यहरुको नेतृत्वमा आयोगको सचिवालयका कर्मचारीहरु संलग्न अध्ययन/भ्रमणदलले जिल्लाहरुको स्थलगत भ्रमण गरेको थियो । भ्रमण गर्ने पदाधिकारीहरुको नामावली र भ्रमण गरेका जिल्लाको विवरण यस प्रकार छ :-

| सि.नं. | भ्रमण दलका पदाधिकारीहरु | भ्रमण गरेका जिल्लाहरु |
|---|---|---|
| १. | डा. शंकर शर्मा<br>विश्व प्रकाश सुवेदी | सिराहा, मोरङ्ग र धनकुटा |
| २. | मुकुन्द प्रसाद अर्ज्याल<br>प्रेम कुमार राई<br>सोमलाल सुवेदी<br>वासुदेव श्रेष्ठ<br>पुरुषोत्तम प्रसाद प्रधान | नुवाकोट र रसुवा |
| ३. | रामेश्वर प्रसाद खनाल<br>सोमलाल सुवेदी<br>लक्ष्मी सुन्दर अवाल | बझाङ्ग, सुर्खेत र बाँके |
| ४. | युवराज भूसाल<br>वासुदेव श्रेष्ठ<br>लक्ष्मी बहादुर सिंह | सोलुखुम्वु |

अध्ययन/भ्रमणदलहरुबाट भ्रमण गरेका ९ वटा जिल्लाहरुमा कार्यालय प्रमुखहरु र स्थानीय निकायका प्रमुखहरुसंग प्रथम अन्तरीम प्रतिवेदनका सिफारिशहरु र सार्वजनिक खर्च व्यवस्थापन एवं संगठन सुधारका विषयहरुमा गोष्ठी/छलफल/अन्तरक्रिया गरी सुझावहरु संकलन गरिएको थियो । उक्त छलफल/अन्तरक्रिया /गोष्ठीहरुबाट प्राप्त सुझावहरुको सारांश निम्नानुसार छ :-

**(क) नीति, संगठन र कार्यविधि**

१) श्री ५ को सरकारका विभिन्न निकायहरुले क्षेत्रीय, जिल्ला र इलाका स्तरमा कार्यको चाप, गर्नुपर्ने जिम्मेवारी, दक्षता र स्थानीय आवश्यकताको आधारमा नभै निकायगत उपस्थिति वा आ-आफ्नो संगठनात्मक साम्राज्य ( Institutional Empire) को निमित्त कार्यालयहरु खोलिएको ।

२) प्रकरण १ बमोजिम खोलिएका कार्यालयहरु सिर्जनशील एवं क्रियाशील भै स्वत: संचालन हुनुपर्नेमा सो नभई निर्देशित तथा यन्त्रवत ढंगले रही न्यून उत्तरदायी रहेको ।

३) संगठन भित्र अर्को संगठनसंग वा स्थानीय निकायहरुसंग कार्यमा दोहोरोपनाको कारण श्री ५ को सरकार, स्थानीय निकायहरु र गैर सरकारी संघ/संस्थाहरुको स्रोत साधनको मितव्ययी ढंगले उपयोग हुन नसकेको र कार्यवोझको आधारमा नभै दामासाही आधारमा दरबन्दी कायम गरिएको ।

४) सरकारले सेवा प्रदान गर्न खडा गरेका निकायहरुको सेवा पर्याप्त नभएको र अपेक्षित मात्रामा गुणस्तर पनि कायम हुन नसकेको । पुरस्कार र दण्डको समुचित प्रयोग नै नभएको ।

५) जनतालाई प्रत्यक्ष सेवा पुऱ्याउन कार्यमा संलग्न कर्मचारीलाई सहयोग पुऱ्याउने कार्यरत निजामती सेवाका पियन/माली/सयस/परिचर र सवारी चालकको सेवा क्रमश: करारमा लिने ।

६) महिला वर्गलाई छुट्टै दृष्टिकोणले नहेरी सबै क्षेत्रमा समावेश गराउनु पर्छ ।

७)	सार्वजनिक खर्च पुनरावलोकन आयोगका सिफारिशहरु कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता  आओस् । अन्य आयोग जस्तै आयोगको रुपमा मात्र सीमित नहोस् ।

८)	आयोजनाहरुको छनौट, प्राथमिकता र खर्चमा विशेष ध्यान दिनु पर्दछ ।

९)	कार्यालय प्रमुखलाई खर्चको सीमा तोकी दिने (प्रशासनिक खर्च) व्यवस्था गर्नु उपयोगी हुन्छ ।

१०)	पहाडी र हिमाली जिल्लामा हुलाक संचालन खर्च बढी देखिएको लागत प्रभावी तुल्याउन हुलाकमा प्रणालीगत सुधार आवश्यक देखिन्छ ।

११)	शिक्षा क्षेत्रमा एस.एल.सी. परीक्षा उत्तिर्ण प्रतिशतलाई आधार लिदा प्रति विद्यार्थीमा भएको लगानी झण्डै निजी विद्यालयमा लगानी गरे सरह भएको देखिएकोले शैक्षिक क्षेत्रको सुधार हुनु आवश्यक देखिएको ।

१२)	कृषकहरुलाई आवद्ध गराउने संस्थागत माध्यम सहकारितालाई अपनाउनु पर्ने देखिएको

**(ख)	क्षेत्रीय कार्यालयहरु सम्वन्धी**

१)	कतिपय क्षेत्रीय निर्देशनालयहरु काम विना नै निष्कृय छन भने कतिपय निर्देशनालयहरु तोकिएको कार्य पनि पूरा गर्नमा उदासीन छन् । अधिकार र स्रोत साधनको तालमेल नमिलेको र नियन्त्रण एवं सन्तुलन पनि फितलो भएको कारण क्षेत्रीय कार्यालयहरु प्रभावहीन अवस्थामा राखिरहनु भन्दा यात विभागहरु हटाएर क्षेत्रीय कार्यालय/निर्देशनालयहरु हटाउनु पर्छ यात विभागहरु हटाई क्षेत्रीय कार्यालयहरुलाई प्रभावकारी बनाउनु पर्छ ।

२)	सडकको क्षेत्रीय निर्देशनालय खारेज गरी डिभिजन मोडेलमा कार्यालयहरु राखी अधिकार सम्पन्न बनाउनु पर्छ ।

३)	३३ वटा जिल्ला तथ्याङ्क कार्यालयहरु खारेज गरी ५ वटा क्षेत्रीय कार्यालयहरुको व्यवस्था गरेर पनि कार्य गराउन सकिन्छ ।

४)	कार्यवोझको आधार विश्लेषण गर्दा पुनरावेदन अदालतको संख्या बढी देखिएको छ ।

**(ग)	जिल्लास्थित कार्यालयहरु गाभ्ने**

१)	जिल्लास्थित कार्यालयहरु मध्ये बन र भूसंरक्षण कार्यालय, मालपोत र भूमिसुधार कार्यालयहरु एकीकरण गर्नु उपयोगी हुने ।

२)	जिल्लास्थित सडक, सिंचाई, खानेपानी र आवास जस्ता प्राविधिक कार्यालयहरु एकीकरण गरी एउटै कार्यालयको रुपमा राख्ने र एकद्वार प्रणालीबाट सेवा दिने । उच्च प्रविधियुक्त र ठूला आयोजनाहरु कार्यान्वयन गर्न गराउन सिंचाई, सडक र खानेपानी कार्यालयहरुलाई डिभिजन model मा लगी नेपाल अधिराज्यभर बढीमा १४ वटा डिभिजन कार्यालयहरु स्थापना गर्ने । यान्त्रिक कार्यालयहरुलाई नजिकको डिभिजन कार्यालयमा गाभ्ने ।

३)	कृषि प्रसारको काम स्थानीय निकायहरुलाई दिए पछि जिल्ला कृषि विकास कार्यालयलाई छरितो र चुस्त बनाई तालिम  अनुसन्धान र सहजकारी भूमिका निर्वाह गर्न लगाउनु  पर्ने ।

४)	जिल्लास्थित कार्यालयहरुको एकीकरण गर्दा क्षेत्र अनुरुपममा शाखाहरुलाई/शाखा प्रमुखलाई कार्यक्रम बजेट सम्वन्धी संचालन स्वायत्तता दिनुपर्ने ।

**(घ)	स्थानीय निकायलाई हस्तान्तरण गर्ने**

१)	कृषि प्रसार, प्राथमिक स्वास्थ्य र माध्यामिक तथा उच्च माध्यामिक स्तरसम्मको शिक्षा स्थानीय निकायहरुलाई क्रमशः हस्तान्तरण गर्ने र श्री ५ को सरकारका हालका जिल्ला स्थित कार्यालयहरुले अनुगमन र सहजकारी कार्य गर्ने गराउने व्यवस्था गर्नु उपयोगी हुने ।

२)	स्थानीय निकायहरुलाई जिम्मेवारी पूरा गराउन सक्ने गरी संगठन सुदृढीकरण तथा जनशक्ति व्यवस्थापनमा सुधार गरी उत्तरदायी प्रजातान्त्रिक र जनमुखी बनाउनु पर्ने ।

३)	स्थानीय निकायहरुको अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाउनु पर्ने ।

४)	सेवा केन्द्रहरु स्थानीय निकायहरुलाई हस्तान्तरण गरी हाल श्री ५ को सरकारले उपलब्ध गराएको जनशक्ति र अन्य स्रोत नियमित रुपमा उपलब्ध गराउने । हाल कार्यरत जनशक्ति सेवा निवृत्त भएपछि स्थानीय निकाय ( गा.वि.स. ⁄ न.पा.) हरुले नै नियुक्ति गर्ने व्यवस्था गर्ने ।

५)	एकीकृत स्वास्थ्य सेवा पद्धति लागू गरी प्राथमिक स्वास्थ्यको जिम्मेवारी स्थानीय निकायहरुलाई दिने ।

६)	नगर विकास समितिहरु खारेज गरी स्थानीय निकायहरुलाई स्थानीय स्वायत्त शासन ऐन २०५५ ले दिएको अधिकार प्रयोग गर्नमा क्रियाशील बनाउनु पर्छ । यसै गरी स्थानीय स्वायत्त शासन ऐनसंग बाँझिएका कानूनहरु संशोधन गरी स्थानीय निकायहरुको कार्यक्षेत्रमा स्पष्टता ल्याउनु पर्छ ।

७)	घरेलु र सहकारीले गर्ने काम जिल्ला विकास समितिलाई दिनु उचित हुन्छ । हाल जिल्ला सहकारी कार्यालय कार्यबोझको दृष्टिले औचित्यपूर्ण हुन सकेको देखिदैन ।

**(ङ)	वित्तीय अनुशासन**

१)	पेश्की फछ्र्यौट तथा बेरुजू नियमित गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्छ ।

२)	जनप्रतिनिधिहरुको पेश्की बाँकी भएको अवस्थामा फछ्र्यौट गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ । यस सम्वन्धमा कडा कानूनी व्यवस्था गर्नु आवश्यक छ ।

३)	सार्वजनिक संस्थानहरुको खर्च गर्ने तौर तरिका र प्रभावकारिताको अनुगमन र मूल्याङ्कन प्रभावकारी हुनुपर्छ ।

४)	दामकाम गर्नेको जिम्मेवारी बढाएमा बेरुजू फछ्र्यौट गर्ने तर्फ सजगता आउन सक्छ ।

५)	वित्तीय अनुशासन र सम्वन्धित कार्यालय प्रमुख तथा कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनलाई एक अर्कामा आवद्ध गर्ने प्रणालीको विकास गर्नु आवश्यक छ ।

६)	समयमै बजेट निकासा गर्ने परिपाटीलाई अझ बढी प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।

**(च)	अन्य**

१)	केन्द्रीय स्तरमा राष्ट्रिय शिक्षा आयोगले योग्यता निर्धारणको परीक्षा लिई सफल व्यक्तिहरुको सूची तयार गर्ने र सो सूचीबाट स्थानीय निकायहरुले स्थानीय स्तरमा बसोबास गरेका वा जिल्ला, अंचल स्तरसम्म बसोवास गर्ने व्यक्तिहरुलाई शिक्षकमा नियुक्ति गर्ने व्यवस्था गर्ने ।

२)	निजामती सेवा नियमावलीमा हाल रहेको जिल्ला वर्गीकरणलाई पुनरावलोकन गर्नुपर्ने ।

३)	NGO/INGO जिल्ला प्रवेश गर्दा समन्वयको व्यवस्था हुनपर्ने । कामकारवाहीमा पारदर्शिता हुनुपर्ने ।

४)	प्रत्येक कार्यालयमा चाहिने न्यूनतम बजेट मापदण्ड कायम गर्नुपर्ने ।

५)	शिक्षा ऐन, स्थानीय स्वायत्त शासन ऐन र आर्थिक प्रशासन नियमावली एक आपसमा बाझिएकोले कार्य संचालनमा प्रतिकूल असर परेको हुँदा संशोधन गर्नुपर्ने ।

६)	समाज कल्याण परिषद र स्थानीय स्तरमा संचालन हुने गैर सरकारी संस्थाको क्रियाकलापमा समन्वय स्थापित हुन नसकेको वर्तमान स्थितिमा समाज कल्याण परिषदको भूमिकामा पुनरावलोकन हुनु पर्ने ।

७) योजना र कार्यक्रमहरुमा उपलब्ध स्रोत साधन ( वैदेशिक र स्वदेशी ) को उपयोगबाट दिगो विकासमा पर्याप्त ध्यान पुग्न नसकेको ।

८) जिल्लामा सबै निकायले चलाउने तालिमहरुलाई एकिकृत गरी एउटै तालीम केन्द्रले संचालन गरेमा बढी फलदायी हुने देखिन्छ ।

९) हालका गा.वि.स.हरुलाई मोटामोटी रुपमा ४-५ वटाको एउटा बनाई बजेट कार्यक्रम र जनशक्ति व्यवस्थित ढंगले परिचालन गर्नु उपयोगी हुने ।

१०) व्यवस्थापन परीक्षण गर्ने कानून र नीति भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । त्यसतिर विचार गर्नु पर्‍यो ।

११) कार्यालयहरुमा कार्यक्रम, बजेट र जनशक्ति बीच तालमेल छैन, समुचित ढंगले तालमेल मिलाई कार्यक्रम संचालन गर्ने गराउने व्यवस्था गर्नु पर्ने ।

१२) सार्वजनिक खर्च घटाउनु पर्ने आवश्यकतासंगै अत्यावश्यक खर्चको व्यवस्था गर्ने तर्फ पनि ध्यान जानु आवश्यक छ ।

## <u>सार्वजनिक खर्च पुनरावलोकन आयोगलाई अर्थ समितिको सुझावहरु</u>

साधारण खर्चमा हुँदै गएको तीव्र र अप्रत्याशित बृद्धि, विकास कार्यक्रम अन्तरगत साधन स्रोतको ख्यालै नगरी परियोजना संख्यामा हुँदै गएको संख्यात्मक विस्तार, साधनको मितव्ययि प्रयोगमा बढ्दो समस्या, विविध कायृक्रममा दोहोरो तेहरोपनको स्थिति, परियोजना चयन, कार्यान्वयन, गुणस्तर र दिगोपनमा देखा परेका गम्भीर समस्या जस्ता कारणले सार्वजनिक खर्च व्यवस्थापनमा ज्यादै ठूलो समस्या बढ्दै गएको छ । केन्द्र र जिल्ला तहमा चयन र कार्यानवयन गरिने कार्यक्रम/परियोजना बारे स्पष्टताको अभाव तथा उपयुक्त संस्थागत परिपाटी आदिको व्यवसथा नहनु एवं कार्यान्वयनको दक्ष र मितव्ययी तौर तरिकाकोअभाव रहनु जस्ता कारणले स्थिति अझ गम्भीर बन्दै गएको छ । अनावश्यक र अनुत्पादक खर्चको बृद्धिसंगै सरकारको बढ्दो नकारात्मक बचत तथा राजस्व परिचालनका क्षेत्रमा आएको शिथिलताले सार्वजनिक खर्च व्यवस्थापनको समस्या झन् झन् पेचिलो हुँदै गएको परिप्रेक्ष्यमा आयोगले श्री ५ को सरकारलाई दिने सुझावहरु महत्वपूर्ण हुने कुरा निश्चित छ । आयोगले जे जस्तो परिश्रम र मिहेनतका साथ काम गर्दै सरकारलाई अन्तिम प्रतिवेदन दिने तयारी गर्दैछ त्यो प्रशंसनिय छ तापनि विषयको गंभीर्यतालाई हेर्दा प्रतिवेदनलाई अन्तिम रुप दिन पूर्व कतिपय पक्षहरुमा थप ध्यान दिन र कतिपय पक्षहरुमा नयाँ शिराबाट विचार र विश्लेषण गरी उचित सुझावहरु दिनु पर्ने कुराको निचोड अर्थ समितिले निकालेको छ ।

यस प्रतिवेदनको पहिलो खण्डमा आयोगको प्रथम प्रतिवेदनमा आधारित सुझावहरु र दोस्रो खण्डमा समग्र र आम सुधारको दृष्टिकोणले प्रतिवेदनले समेट्न नसकेका तर समेट्नु पर्ने पक्ष सम्बन्धी सुझाबहरु समावेश गरिएको छ, जुन निम्नानुसार छन् :-

### <u>प्रथम खण्ड</u>
### <u>पहिलो अन्तरिम प्रतिवेदनमा आधारित सुझावहरु</u>

प्रतिवेदनको सुझावहरुको साराशं खण्डको निम्न बुंदाहरुमा निम्न लिखित सुझाबहरु दिइएको छ :-

१.१ नेपाल अधिराज्यको संविधानले निर्दिष्ट गरेका “राज्यका निर्देशक सिद्धान्तहरु” र राज्यका नीतिहरुको अधिनमा रही निश्चित क्षेत्रहरुमा सरकारले मूलतः नियामक र सहजकारी भूमिका खेल्नु पर्दछ भन्ने कुरा उल्लेख हुनुपर्ने । साथै त्यस्ता क्षेत्रहरु पनि प्रष्ट किटान गर्नु आवश्यक हुने ।

१.२ राष्ट्रिय महिला आयोग र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको काम विलकुल भिन्न प्रकृतिको हुने र महिला सशक्तिकरणको सन्दर्भमा महिला मन्त्रालय निकै जरुरी हुने हुनाले <u>*महिला मन्त्रालय खारेज गर्ने सिफारिश गरिन नहुने*</u>। त्यस्तै <u>*केन्द्रीय कार्य व्यवस्थापन कार्यालय सम्बन्धी सुझाव पनि उपयुक्त गृहकार्य विना दिइएको देखिने*</u>।

१.३ विशेष प्रहरी विभाग र राजस्व अनुसन्धान विभागलाई गाँभी छुट्टै निकायको रुपमा विशेष अनुसन्धान व्यूरो स्थापना गरी प्रधानमन्त्रीको कार्यालय मातहत राख्ने गरी सुझाव दिन उपयुक्त हुने । “स्वायत्त” भन्ने शव्द हटाउने ।

१.४(क) मन्त्रालयहरु नीति तर्जुमा, कार्यान्वयनको नियमन र कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्ने काममा सिमित रहनु पर्दछ भन्ने र <u>*यी सबै कार्यको समन्वयकर्ताको भूमिका समेत मन्त्रालयले खेल्नु पर्ने भन्ने सुझावमा उल्लेख हुने पर्ने । थप्ने*</u>

(ख) सुरक्षा र साधारण प्रशासनको कामका साथै <u>*सामाजिक सेवा, गरिवी निवारण र लक्षित समूहसंग सम्वन्धित विकास कार्यक्रम बाहेक*</u> भनी उल्लेख हुनु पर्ने । मिलाउने

(घ) शिक्षा, स्वास्थ्य जस्ता सेवाहरु स्थानीय निकाय अन्तर्गत राख्ने सुझाव ठिकै भएपनि साधन स्रोतको हकमा आ.व. २०५७।५८ मा गर्ने खर्च बराबरको रकम दामासाहीले स्थानीय निकायमा दिने र प्रत्येक वर्ष बजेटको अनुपातमा रकम बृद्धि गर्दै <u>*गई २ वर्षमा समीक्षा*</u> गर्ने भनी उल्लेख हुनु पर्ने । मिलाउने

(ङ) सरकारी संस्थानहरुलाई बढी स्वायत्त, दक्षतापूर्ण र जवाफदेही बनाउने गरी ठोस सुझावहरु आउनु पर्ने ।

(च) एकै प्रकृत्तिको सेवाको लागि जिल्ला स्तरमा एउटै निकाय राख्नु मितव्ययीताको हिसाबले उपयुक्त हुने तर जुन विकल्पको परिकल्पना गरिएको छ, त्यो व्यवहारिक र विकेन्द्रीकरणको नीति अनुरुप नभएको ( यसबारे तल Specific सुझाव दिइएको ) ।

(छ) प्रहरी, योजना, अस्पताल बाहेक क्षेत्र र अन्चलमा कुनै कार्यालय नराख्ने र भएका कार्यालय खारेज गर्ने सुझाव हुनु पर्ने । तर गाउँ, नगर जिल्ला आवधिक र वार्षिक योजनाको कार्यलाई बढी व्यवस्थित गर्न जिविस अर्न्तगत एक जिल्ला स्तरीय योजना ईकाइ बनाउने र त्यसलाई चाहिने प्राविधिक रुपमा साधन, स्रोत सम्पन्न बनाउने भनी सुझावमा उल्लेख हुनु पर्ने ।

१.५(क) को ६ मा निम्न सुझाव थप्नु उपयुक्त हुने :- यसमा प्रस्ताव गरिएका कानुनसंग सम्वन्धित कुराहरुमा भ्रष्टाचार, ढिलासुस्ती कामको गुणस्तरमा गरिने अनियमितता जस्ता पक्षलाई समेत समेटिने गरी कानूनी प्रस्ताव गरिनु उपयुक्त हुने ।

(ख) १) १, ४, र ६ मा दिइएको सुझाव अनुसार हुनु पर्ने ।

(ख) २) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय सहकारी विकास बोर्ड राख्ने र सहकारी विभाग खारेज गर्ने सुझाव हुनुपर्ने । त्यस्तै उद्योग मन्त्रालय अन्तर्गत घरेलु विकास समिति खारेज गरी समितिको काम घरेलु विभागले गर्ने गरी सुझावमा उल्लेख हुनु पर्ने । माथि १, ४ र ६ मा दिइएको सुझाव हुनुपर्ने ।

ग) १) को सम्वन्धमा माथि नै सुझाव दिइ सकिएको ।

ग) २) आर्थिक कारोबारको सम्वन्धमा विद्यालयको खाता अलग राखी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सम्बन्धित विद्यालयको प्रधानाध्यापकद्वारा संयुक्त रुपमा खाता संचालन गर्ने । त्यस्तै मा.वि. र उच्च मा.वि. को हकमा पनि सोही अनुरुपको सुझाव हुनु पर्ने ।

ग) ३) अन्तरगत जिल्ला शिक्षा कार्यालयले शिक्षा समितिलाई दिएको परामर्श र शिक्षा समितिले गरेको सिफारिश बमोजिम भन्ने हुनु पर्ने ।

ग) ४) अन्तरगत सुझाव लागू गर्ने अवस्थामा कर्मचारी को प्रति जिम्मेवार र उत्तरदायी हुने भन्ने कुरा सुझावमा समावेश हुनु पर्ने ।

ग) ५) जिल्ला स्वास्थ्य कार्यालयले आधरभूत औषधी आपूर्ति गर्दा गा.वि.स. मार्फत गर्ने, सुझावमा हुनु पर्ने ।

२. आयोजनाको सम्भाव्यता/प्राथमिकीकरणको सुझाव ज्यादै सामान्य र पर्याप्त गृहकार्य विना नै गरेको देखियो । क्षेत्र र परियोजनाको प्रकृतिको हिसाबले सम्भाव्यता र प्राथमिकीकरणको आधार फरक पर्ने हुनाले कमसेकम पनि क्षेत्र, तहसम्मको सुझाव दिइनु पर्ने ।

३. विदेशी ऋणको हकमा ऋण लगानीको प्रतिफलका आधारमा मात्र ऋण लिने र शिक्षा स्वास्थ्य जस्ता क्षेत्रमा ऋण लिने कुरालाई निरुत्साहित गर्ने कुरो उपयुक्त हो तापनि शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई व्यवस्थित गर्दै साधन र स्रोतको वैकल्पिक उपाय श्री ५ को सरकारले अनिवार्य रुपमा व्यवस्था गर्नु पर्ने कुरा सुझावमा उल्लेख हुनुपर्ने । राजस्व परिचालनको दर बृद्धि गर्दै लगी नेपालको बाह्य निर्भरता कसरी क्रमशः घटाउँदै जानेबारे एकैसाथ सुझाव आएमा मात्र सुझावहरु विच तादम्यता हुने ।

साधारण खर्च वितरण प्रणालीमा सुधार सम्वन्धमा जुन अनुपातमा राजस्वको साधारण खर्च घटाउने सुझाव दिइएको छ, त्यो पनि पर्याप्त गृहकार्यका आधारमा भएको देखिदैन । त्यसैले के कस्तो Specific Measures हरु लिंदा त्यो सम्भव छ भन्ने कुरा पनि आएन र प्रस्तावित अनुपातको आधार र मापदण्ड के हो त्यो पनि प्रष्ट भएन । तसर्थ उक्त दिशातर्फ पनि सुझाव दिंदा थप ध्यान दिनु पर्ने ।

७. कर्मचारीको दरबन्दीको पुनरावलोकन सम्बन्धी सुझावमा प्रस्ताव गरिएको करारको व्यवस्था उपयुक्त छैन । यस्ले एकातिर काम गर्ने सरकारी कार्यालय प्रति उत्तरदायित्व बहनमा समस्या ल्याउने छ भने अर्कोतिर न्यायको हिसाबले समेत न्यूनस्तरको कर्मचारीमाथि ठूलो शोषण र अन्याय हुनेछ ।

## दोस्रो खण्ड
## प्रतिवेदनको समग्र पक्ष सम्वन्धी सुझावहरु

१. प्रतिवेदन बढी सुक्ष्म छ र केही संगठनिक एवं अन्य केही प्राविधिक पक्षमा केन्द्रीत छ । यसले सार्वजनिक खर्चको व्यवस्थापनमा जे जस्तो गम्भीर स्थिति उत्पन्न हुँदै गई यसले समग्र अर्थतन्त्रको स्वस्थ विकास र सरकारी क्षेत्रले विकास निर्माणमा गर्नुपर्ने योगदानमा समस्या ल्याइदै छ त्यसको परिप्रेक्ष्यमा सुझाबहरु आएनन् ।

२. प्रतिवेदनको अर्को कमजोर पक्ष के देखिन्छ भने जे जस्तो सुझावहरु दिइएका छन् ती पनि सुक्ष्म तह (Micro Level) मा गरिएको अध्ययन र त्यो अध्ययनको आधारमा निकालिएको निचोडमा आधारित छैनन् र यसले गर्दा प्रस्तावित सुझाब लागू गर्दा निक्लिने परिणति बारे पनि आंकलन गर्न सक्ने स्थिति देखिदैन ।

३. अर्थ समितिको मूल सुझाव के छ भने परियोजना र क्षेत्रगत तहमा सुक्ष्म अध्ययन गरी त्यसको आधारमा क्षेत्रगत र समष्टिगत हिसाबले सुझावहरु आउनु पर्दछ । सुझाबहरु आमूल परिवर्तन र सुधारको हिसावले आउनु पर्छ । यथास्थितिलाई मूल आधार बनाएर जाँदा मुलुकले बढ्दो सरकारी खर्च थेग्न सक्ने स्थिति नै छैन ।

४. सामान्यतया आयोगहरु गठन नगर्ने, गर्नुपर्ने आवश्यक भएमा बढीमा ६ महिनाको लागि गर्ने र हालको सुकुम्वासी आयोगको कुनै औचित्य नरहेको देखिंदा उक्त आयोग अविलम्व खारेज गरी सो को कार्य मन्त्रालयले गर्ने सुझावमा पर्नु पर्ने ।

५. अर्को यो प्रतिवेदको मुख्य कमजोरी के छ भने यसले केन्द्रीय र जिल्ला वा गाउँ स्तरीय योजना के कस्ता प्रकृतिका हुने अनि दोहोरो, तेहरोपन कसरी हटाउने तथा स्वायत्त शासन ऐन अनुरुप स्थानीय विकासको प्रकृया अगाडी के कसरी बढाउँदा साधनको थप परिचालन, साधनको मितव्ययी र व्यवस्थित प्रयोग भई खर्च व्यवस्थापनमा ठूलो सुधार हुने भन्ने जस्तो महत्वपूर्ण पक्षमा सामग्रीक हिसावले अध्ययन नै गरेको छैन । उपरोक्त पक्षहरुमा अध्ययन गरी सो अनुरुप सुझाव दिनु पर्ने अर्थ समितिको राय छ ।

६. प्रतिवेदनको विद्यमान साधारण र विकास खर्च भित्र Line Item र Line Item मा खर्च कसरी कम गर्ने भन्ने बारे सुझाब नै दिएको छैन । बिजुली, टेलिफोन, इन्धन, सवारी साधन, विदेश भ्रमण, औषधी उपचार, आ.स.च.पु. जस्तो Item मा समेत खर्च कसरी घटाउने भन्ने कुरा प्रतिवेदनमा छैन । त्यस्तै थुप्रै निकाय र संस्थामा अनावश्यक बजेट र अनुदान दिने गरिएको छ । त्यसको समेत पुनरावलोकन गरी सुझाव पेश गरिनु आवश्यक छ । त्यस्तै प्रशासन सुधार सुझाव आयोगको सिफारिश अनुरुप मन्त्रालयको संख्या लगायत अन्य विषयहरुमा त्यसलाई आधार मानी सुझाव दिइएको देखिएन । तसर्थ प्रशासन सुधार सुझाव आयोगको प्रतिवेदनलाई आधारी मानी सुझावहरु दिन उपयुक्त हुने ।

७. अव परम्परागत साधारण र विकास बजेटको ढाँचा बजेट बनाइनु नै हुँदैन । त्यसैले कमसेकम पनि आर्थिक वर्गीकरण अनुसार बजेट बनाउने तथा भैपरि जस्तो Item नै बजेटमा समावेश नगर्ने सुझाब प्रतिवेदनमा उल्लेख हुनु पर्ने ।

८. खर्च व्यवस्थापन र परियोजनागत प्रभावकारिता अभिवृद्धि गर्ने हिसाबले अव Performance Budgeting/Zero Base Budgeting मा जान आवश्यक छ । यस बारे सुझाबमा उल्लेख हुनुपर्ने ।

९. सार्वजनिक खर्च व्यवस्थापनको हिसाबले आयोजना चक्रको समग्र पक्षको पृष्ठभूमिमा सुझाब दिइनु पर्ने । यस्को तात्पर्य के हो भने के कसरी Project Inventory System Introduce गर्ने, आयोजना छनौट र प्राथमिकीकरणको प्रणाली वैज्ञानिक तरिकाले विकसित गरी लागू गर्ने, कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउँदै दिगोपनलाई पनि समुचित ध्यान दिएर जाने भन्ने बारे सुझाव आउनु पर्ने । हाल कुनै हिसाबले पनि आवश्यक नहुने र औचित्य प्रष्ट गर्न नसकिने परियोजना/कार्यक्रम बजेटमा राख्ने गरिएकोले व्यवस्थापन गर्नै नसकिने तथा दशकौंसम्म सम्पन्न नहुने यस्ता परियोजना/कार्यक्रम बजेटमा राख्ने गरिएको छ । त्यसैले कुन कुन औचित्यहीन योजनाहरु छन् छुट्याई बजेटबाट हटाउने तर्फ सुझाव दिइनु पर्ने । मूलतः त्यस्ता आयोजनाहरुको वर्गीकरण गरी हटाइनु पर्ने भए हटाउन र जिल्ला तहका आयोजनाहरु भए स्थानीय तहमा हस्तान्तरण गर्ने भनी सुझाव दिइनु पर्ने ।

१०. परियोजनाको लागत र प्रतिफलको उपयुक्त मापदण्ड क्षेत्रगत हिसाबले तयार गरी त्यसका आधारमा मात्र परियोजना कार्यान्वयनमा जानु पर्ने भन्ने सुझाब दिइनु पर्ने ।

११. परियोजनाको कार्यान्वयन गर्दा गुणस्तरमा ऱ्हास ल्याई जे जस्तो अनियमितता गर्ने गरिएको छ, त्यसलाई नियन्त्रण गर्न पनि निश्चित सीमा तोकी त्यो सीमा भन्दा माथिका परियोजनामा भौतिक लेखा परिक्षणको पद्दती लागू गरिनु पर्ने भनी सुझाब दिइनु पर्ने ।

१२. Doner Funded र Fully Government Funded Projects को समस्याको प्रकृति केही फरक भएकोले माथिको हिसाबले सुझाब दिंदा फरक फरक किसिमबाट सुझाव दिन उपयुक्त हुने ।

१३. कुनै पनि परियोजनाको Variation order १०% भन्दा बढी हुन नहुने । र कुनै विशेष स्थितिमा बढी हुने भएमा थप कार्यक्रम/लागतको पूर्व स्वीकृति मन्त्रिपरिषद्बाट लिइनु पर्ने भन्ने सुझाव दिइनु पर्ने ।

१४. विदेशी सहयोगबाट संचालित परियोजनामा बढ्दो लागत, घट्दो प्रतिफलको स्थिति बढ्दै गएकोले यस्ता परियोजनाहरुमा लागत न्यून गरी प्रतिफल कसरी बढाउन सकिन्छ भन्ने बारे आयोगबाट विशेष सुझाव दिइनु पर्ने ।

१५. चुहावट र भ्रष्टाचार रोक्दै सुशासनको प्रत्याभूतिका निमित्त ठोस सुझाबहरु आयोगबाट दिइनु पर्ने । यस्तो सुझावहरु दिंदा केन्द्र र स्थानीय निकायबाट सम्पन्न हुने आयोजना बारे छुट्टाछुट्टै सुझाब दिन उपयुक्त हुने ।

१६. सार्वजनिक खर्चको पुनरावलोकन निरन्तर रुपमा गर्न र साधनको वितरण केन्द्र, जिल्ला र गाउँमा के कसरी गर्ने भन्ने विषयमा सरकारलाई निरन्तर सुझाव दिन आवश्यक देखिन्छ । यसको लागि एक स्थायी प्रकृतिको “वित्तिय आयोग” संसदबाटै गठन गर्ने गरी सुझाव दिइनु पर्ने ।

१७. स्वास्थ्य लगायतका सेवा, सुविधाहरु जिल्लास्तरमै उपलव्ध हुनेतर्फ पनि सुझाव आउनु पर्ने ।

## "सार्वजनिक खर्च व्यवस्थापन सुधार" विषयक गोष्ठीमा व्यक्त राय, सुझावहरुको सारांश तथा आमन्त्रित सहानुभावहरुको नामावली :

१) **सार्वजनिक खर्च व्यवस्थापनमा प्रभावकारिता :**

(१) सार्वजनिक खर्चको तुलनामा राजस्व बढ्न सकेको छैन । यसर्थ राजस्व परिचालनमा बृद्धि गर्नुपर्ने अवस्था छ । सरकारी खर्चमा चालू खर्च बढ्दै गएको छ तर पूँजीगत लगानी कम छ । निजी क्षेत्रबाट हुने लगानी पनि सन्तोषजनक देखिएको छैन ।

(२) साधारण खर्चमा भएको बृद्धिका कारण राजस्व संचिती घटेको छ । विकास खर्चमा बाँडफाट भएको रकम पनि अनुत्पादक भएका कारण कतिपय आयोजनाहरु कैयौं वर्षसम्म पनि सम्पन्न हुन सकेका छैनन् ।

(३) निजामती सेवालाई मात्र संकुचन गर्दा समग्रमा सार्वजनिक खर्च व्यवस्थापनमा सुधारको उद्देश्य पुरा हुन सक्दैन । सेना, प्रहरी तथा शिक्षकतर्फ पनि ठिक्क आकारमा राख्ने कार्य हुनुपर्छ । यसर्थ निजामती सेवा सुधार गर्ने दाता निर्देशित सोंच ( Donor Driven Concept) मा सुधार हुनु जरुरी देखिएको छ ।

(४) विशेष रुपमा आन्तरिक सुरक्षा खर्च र शिक्षकहरुतर्फ बढ्दै गएको खर्चलाई निश्चित सीमा भित्र राख्ने कार्य गर्न आवश्यक छ र यो विषयमा सम्बद्ध निकायहरु वीच पनि छलफल हुनु आवश्यक छ ।

(५) शिक्षा क्षेत्रमा भएको लगानी एवम् प्रतिफललाई तुलनात्मक रुपले विश्लेषण गरी हेर्नुपर्छ र जनतालाई सेवा प्रदान गर्ने क्षेत्रमा भएका खर्चहरुले यथेष्ट फाइदा पुऱ्याए नपुऱ्याएको पनि हेर्नु पर्ने अवस्था छ ।

(६) हरेक वर्ष आयोजनाहरुको संख्यामा बृद्धि भैरहेको छ । त्यसैले साधन, स्रोतको उचित परिचालनका लागि आयोजनाहरुको streamline गर्न जरुरी भैसकेको छ ।

(७) सांसदहरुले खर्च गर्ने शिर्षक र खर्चको प्रक्रियामा सुधार हुनु जरुरी छ । प्राथमिक विद्यालय सांसदले संचालन गर्न खर्च गर्नु जरुरी छ, छैन ? त्यस्तै कृषि तर्फ जेटिए र हेल्थपोष्ट सेवा सम्वन्धमा यी निकायहरुको उपस्थिति वारे पुनरावलोकन गरी स्थानीय निकायलाई अभिभारा दिनु उचित हुन्छ ।

(८) बजेट निकासामा समस्या छ । बजेट समयमा निकासा नहुँदा अनिश्चितता बढेको छ र कार्य सम्पादनमा प्रतिकूलता आउँछ ।

(९) खर्चको प्रकृति हेर्दा कुनै कुनै खर्चहरु स्थिर प्रकृतिका छन् र ती खर्चहरु तत्कालै घटाउन सकिदैन जस्तो कर्मचारी, सुरक्षा र शिक्षकमा हुने खर्चमा तत्काल पर्याप्त कटौती हुन सक्दैन तर उचित व्यवस्थापन हुनु भने जरुरी छ ।

(१०) पेन्सनको दायित्वलाई समूचित व्यवस्थापन गर्न आवश्यक संयन्त्रको विकास हुनु आवश्यक भैसकेको छ । वर्तमान अवस्थामा देखिएको स्थितिले अनन्तकालसम्म धान्न सक्छ कि सक्दैन ? यस वारे गृह कार्य गरी कार्यको शुरुवात हुनुपर्छ । यसका लागि Contributory Pention Scheme को प्रयोग हुनु जरुरी छ ताकी भावी दायित्वलाई समयमा नै समूचित व्यवस्थापन गर्न सकियोस् ।

(११) ऋण भुक्तानी दायित्व ज्यामितीय रुपले बृद्धि भैरहेको छ र यसको मुख्य कारण डलरसंग नेपाली मुद्राको विनिमयमा भएको बृद्धि हो ।

(१२) गरिवी घटाउने विकासको मुख्य एजेण्डा रहेको अवस्थामा एकातर्फ सामाजिक क्षेत्रमा खर्च बढाउनु पर्ने दवाब छ भने गरिवलाई सशक्तिकरण गर्न तथा अवसरहरुको सृजना गर्न पनि स्रोत र साधनको माग बढेको छ । अर्कोतर्फ भौतिक पूर्वाधारहरुको विकास गर्न र भौगोलिक कठिनाईको चपेटाबाट उत्पन्न हुने गरीवीलाई घटाउन पनि दुर्गम स्थानहरुमा पूर्वाधार विकासमा थप लगानीको आवश्यकता देखिएको छ । त्यसैले प्रभावकारी खर्च व्यवस्थापन हाम्रो आवश्यकता हो ।

(१३) सरकारको भूमिकालाई पुनर्परिभाषित गर्नु जरुरी छ र यसो गर्दा सरकार आफैले गर्ने, नागरिक समाज मार्फत गर्ने, सेवा करारमा गराउने जस्ता क्षेत्रहरुको पहिचान हुनुपर्छ । यसबाट दीर्घकालिन रुपमा दायित्व कम गराउन सकिन्छ ।

(१४) हाम्रो पूँजी लगानी प्रतिफल अनुपात छिमेकी मुलुकको भन्दा बढी छ । त्यसैले राज्यको सक्षमता अभिवृद्धि गर्न यसमा सुधार हुनु पर्छ ।

(१५) सरकारको कार्य क्षेत्र निर्धारण गर्दा प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८ र स्थानीय स्वायत्त शासन ऐनलाई आधार मान्नु पर्दछ ।

(१६) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय खारेज गर्नु उपयुक्त छैन ।

(१७) प्रधानमन्त्री कार्यालय अन्तर्गत स्वायत्त निकायहरु खडा गर्दा द्विविधा उत्पन्न हुन्छ ।

(१८) आयोगका प्रतिवेदनहरु लागू गर्न राजनैतिक नेतृत्व तहमा नै प्रतिवद्धता हुनुपर्छ ।

(१९) माथिल्लो निकायमा वस्ने पदाधिकारीहरुको Attitudinal Error छ, त्यसमा सुधार हुनु पर्छ ।

(२०) सरकारको नियामक र सहजकारी भूमिका कृषि क्षेत्रमा वाहेक शिक्षा र पूर्वाधार क्षेत्रमा पर्याप्त हुँदैन ।

(२१) प्राथमिक शिक्षालाई निःशुल्क गर्ने र उच्च शिक्षामा बढी लगानी गर्नु पर्ने पक्षलाई निरन्तरता दिनु राम्रो हुन्छ ।

(२२) स्थास्थ्य क्षेत्रमा परम्परागत रोग (Traditional disease) देखि संवेदनशिल रोगहरु (Highly sensitive disease) मा सरकारले प्रशस्त लगानी गर्नु पर्ने अवस्था छ ।

(२३) निशुल्क शिक्षाको वर्तमान अवस्थामा स्थानीय निकायलाई जिम्मा दिंदा निशुल्क शिक्षालाई कसरी व्यवस्थित गर्ने हो सो तर्फ पनि ध्यान जानु जरुरी छ ।

(२४) सरकार र स्थानीय निकाय वीचको जिम्मेवारी स्पष्ट रुपमा व्याख्या हुनु पर्छ ।

(२५) उच्च शिक्षामा भविष्यपरक दृष्टिकोण (vision) को आवश्यकता रहेको छ ।

(२६) स्थानीय निकायमा शिक्षा क्षेत्रलाई जिम्मा दिंदा शैक्षिक गुणस्तर (जस्तो परीक्षा संचालन, सुपरिवेक्षण, प्रश्नपत्र) कायम गर्न निश्चित संयन्त्रको विकास गर्नु जरुरी छ ।

(२७) क्षेत्रीयस्तरमा एस.एल.सी. परिक्षा संचालन गर्ने १०+२ कक्षा संचालन, जस्ता प्रकृयाहरु अवलम्वन गर्ने सोचाई भइरहेको हुँदा शिक्षाको क्षेत्रीय कार्यालयको आवश्यकता रहेको छ ।

(२८) स्थानीय निकायले जिम्मा लिने पक्षमा जांदा हस्तान्तरण गर्ने modality लाई प्रष्ट पार्नु उपयुक्त हुन्छ । विषेश गरी अनुगमन मुल्याङ्कन कसरी गर्ने, प्राविधिक सुपरिवेक्षण कसरी गर्ने, संस्थागत अन्तरसम्वन्ध कस्तो हुने भन्ने पक्षमा ध्यान जानु जरुरी छ ।

(२९) स्वास्थ्य कार्यक्रम संचालन हुन नसकेको अवस्थामा त्यसको जिम्मेवारी (Accountability) स्पष्ट गर्ने र NID ठूलो कार्यक्रम हो, यसलाई संचालन कसरी गर्ने सम्वन्धमा विचार गर्नुपर्छ ।

(३०) औषधी आपूर्ति गर्दा सोझै समुदाय (community) मार्फत जाने modality अवलम्वन गर्नु उपयुक्त हुन्छ ।

(३१) सडक विभागको संस्थागत क्षमतामा अभिवृद्धि गर्नु आवश्यक छ । Fund Board को अवधारणालाई विचार गर्नु पर्छ ।

(३२) सडकको सबै क्षेत्रमा विकेन्द्रित प्रणाली लागू नगरी Piolotting गर्नु उपयुक्त हुन्छ ।

(३३) कृषि सडकतर्फ ग्रामीण सडकको निर्माणमा जतातततै सडक निर्माण गर्ने पट्टि ध्यान केन्द्रित भएको छ यसले गर्दा मैत्री वातावरणमा प्रतिकूल असर पारेको छ ।

(३४) सामाजिक क्षेत्र जस्तै ग्रामीण क्षेत्रमा खानेपानी पहुँचलाई सहज बनाउन लगानीमा बृद्धि गर्नुपर्ने अवस्था छ ।

(३५) सडक क्षेत्रमा ठेकेदारहरुको जालो (network) ले गर्दा विद्यमान रहेको एकाधिकार (Carteling) प्रणालीमा सुधार हुनु जरुरी छ ।

(३६) उपभोक्ताले संचालन गरेका खानेपानी योजनाको अनुगमन प्रभावकारी बनाउने । वर्षेनी बजेट विनियोजन हुने तर आयोजना सम्पन्न नहुने स्थितिलाई अन्त्य गर्न योजना छनौट र संचालनमा सुधार गर्नु पर्छ । खानेपानीको स्रोत व्यवस्थापन गर्नु पर्दछ ।

(३७) वन क्षेत्रको ७५ प्रतिशत जति उर्जा (energy) आपूर्ति गर्ने र यसको सेवा वडास्तरसम्म पुग्ने गरेको छ । वनका उत्पादनहरु निशुल्क दिनु पर्ने भएकोले लागत लाभ हुन सक्दैन ।

(३८) वन क्षेत्रमा प्रशस्त अध्ययन भई सकेको वर्तमान सन्दर्भमा संरचनात्मक सुधारको आवश्यकता हाललाई  छैन । किनभने, यस क्षेत्रमा गैर सरकारी संगठन, सामुदायिक संगठन, जस्ता क्षेत्रलाई समेत सहभागिता गराई सामुदायिक विकास । उपभोक्ता समिति अवधारणालाई अवलम्वन गरिएको छ ।

(३९) वन क्षेत्रमा चुरेको संरक्षण गर्ने नीति अवलम्वन हुनुपर्छ । र भू-एकिकरण (land consolidate) गर्ने नीति पहिल्याउनु जरुरी छ ।

(४०) राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्वन्धित मन्तालयले स्वामित्व लिएमा मात्र PERC को प्रतिवेदन कार्यान्वयन हुन्छ ।

(४१) नागरिक समाजले कृषि, स्वास्थ्य जस्ता क्षेत्रको स्थानीय स्तरमा राम्रा काम गरिरहेको पक्षलाई Replicate गर्नु पर्दछ ।

(४२) मन्त्रालयले हालको कार्यक्रममा पुनरावलोकन गरी अघि बढ्नु पर्ने आवश्यकता रहेको छ । जस्तो, वन क्षेत्रमा Lease Hold Forestry Program लाई निरन्तरता दिई अनावश्यक कार्यक्रमलाई स्थगित गर्ने ।

(२) **नियमित तथा शिरोभार खर्चमा कटौती :**

(१) रातो कितावमा भएका अनावश्यक खर्चहरुलाई कटौती गरी आगामी वर्षका लागि वास्तविक रुपमा उत्पादनशील खर्च (Productive Expenditure) को प्रक्षेपण गरी आयोगले प्रतिवेदन दिनु पर्छ ।

(२) कार्यालय खर्च तथा सुरक्षा खर्चले पनि साधारण खर्चमा अत्यधिक दवाब पारेको छ ।

(३) शिक्षामा भएको खर्चले अपेक्षित नतिजा दिन सकेको छ, छैन र अन्य विकल्पहरु के छन् ? सो पनि पुर्नविचार हुनुपर्छ ।

(४) मन्त्रालय र मन्त्रीको संख्या ऐनमै व्यवस्था गरी मन्त्रीको संख्या कूल निर्वाचन क्षेत्रको १० प्रतिशत र मन्त्रालयको संख्या १५ भन्दा बढी हुनु हुँदैन ।

(५) प्रत्येक जिल्लामा विभिन्न क्षेत्रगत कार्यक्रम संचालन भइरहेको छ । सबै प्रकृतिका तालिम कार्यक्रमहरुलाई एकिकृत रुपमा संचालन गर्नु उपयुक्त हुन्छ ।

(६) साधारण खर्चको प्रकृतिलाई पनि विकास खर्चमा समावेश गरिने वर्तमान परिपाटीमा सुधार गरी यस्तो खर्चलाई साल बसाली खर्चको रुपमा समावेश गर्नु उपयुक्त हुन्छ ।

(७) सवारी साधनहरुको दुरुपयोगमा नियन्त्रण गर्नुपर्छ ।

(८) हरेक जिल्लामा एउटा अस्पताल हुनु जरुरी छ ।

(९) उच्च शिक्षामा भईरहेको लगानी माथि पुनरावलोकन गरी सरकारी क्षेत्रमा भएको जनशक्ति विकर्षणको स्थितिमा नियन्त्रण हुनु आवश्यक छ ।

(१०) उच्च शिक्षामा प्रति विद्यार्थी अनुदान रकम धेरै उच्च भएकोले सो अनुदान नीतिमा पुनरावलोकन हुनु जरुरी छ ।

(११) ग्रामीण स्वास्थ्य कार्यकर्ता हटाउने भन्ने पक्षमा पुनरावलोकन हुनुपर्ने र अस्पताल तर्फको विकास समितिको कार्यमा समेत पुर्नविचार हुनु जरुरी छ ।

(१२) सडकको मर्मत संभारमा निजी क्षेत्रको संलग्नता कायम गर्नु पर्छ ।

(१३) प्राविधिक सेवामा एकद्वार संरचना अपनाउनु उपयुक्त हुन्छ । शिक्षा, स्वास्थ्य क्षेत्रलाई स्थानीय निकायमा हस्तान्तरण गर्दा जि.वि.स. लाई नेतृत्वदायी भूमिका दिने र नदी नियन्त्रणमा समेत स्थानीय निकायलाई संलग्न गराउनु उपयुक्त हुन्छ ।

(१४) स्यालो ट्युववेलमा अनुदान दिने नीतिलाई निरन्तरता दिने, जल विद्युत परियोजनामा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहित गर्नु पर्छ । र ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिनु पर्दछ ।

(१५) कृषि क्षेत्रको कार्यक्रममा स्थानीय निकायको संलग्नता गराउँदा करारमा दिने, साझेदारी गर्ने जस्ता modality अवलम्वन गर्नु पर्दछ ।

(१६) चिया, कफि विकास वोर्डको संरचनालाई खारेज गर्ने सम्वन्धमा विभागले वोर्ड जतिको काम पनि गर्न नसकेको वर्तमान अवस्थालाई ध्यान दिनु आवश्यक छ ।

(१७) फलफूल, तरकारी, दुग्ध क्षेत्रमा व्यवसायिक अवधारणालाई अवलम्वन गर्नु पर्दछ र व्यवसायिक क्षेत्रमा project approach लाई आत्मसात गर्नु उपयुक्त हुन्छ ।

(१८) स्थायी दरबन्दीमा अस्थायी पदपूर्ति नगर्ने वारे पूनर्विचार गरी पदपूर्ति गर्ने तर्फ जानु राम्रो हुन्छ ।

(१९) कृषि प्रसार गा.वि.स.लाई हस्तान्तरण गर्नु उपयुक्त हुन्छ । कृषि र सिंचाईमा समन्वयको आवश्यकता छ ।

(२०) कृषि क्षेत्रमा उपयोग क्षमता (Absorptive capacity) कम भएकोले यसको modality मा परिवर्तन हुनु आवश्यक छ ।

(२१) Perofrmance Based Contract Program Approach लाई अवलम्वन गर्नु पर्दछ ।

(२२) परियोजना समयमै सम्पन्न गर्ने, प्राथमिकीकरण गर्ने संयन्त्रको विकास गर्नुपर्छ ।

(३) **वित्तीय अनुशासन :**

(१) निर्माण सम्पन्न भएका सडकहरुको मर्मत संभारको जिम्मा सरकारले लिएतापनि यो कार्य प्रभावकारी रुपले सम्पन्न हुन सकेको छैन र खर्चमात्र बढेको छ । यसमा सुधार हुनु आवश्यक छ ।

(२) सार्वजनिक खर्चको बाँडफाँट गर्दा चाहिने शिर्षकमा मात्र केन्द्रित गर्न सकिएन भने विकासको लक्ष्य प्राप्त हुन सक्दैन, स्रोतको दुरुपयोग हुन जान्छ ।

(३) राजस्वको बृद्धि लक्ष्य अनुरुप छैन र साधारण खर्चमा भएको बृद्धिको कारण राजस्व बचत भएको छैन ।

(४) लगानी मैत्री बातावरण, आयोजना संचालनमा सक्षमताको अभिवृद्धि र समष्टिगत आर्थिक स्थायित्व प्रमुख चुनौतीका विषयहरु हुन् । यी कुराहरुको अभावले गर्दा विकास खर्चमा प्रतिकूल असर परिरहेको छ ।

(५) सरदरमा परियोजना पूरा हुन १४ वर्ष लाग्ने अवस्था देखिएको छ ।

(६) शिक्षा तथा सडकमा प्रशस्त लगानी भएको छ । सामाजिक परिसूचकहरु सकारात्मक देखिएका छन् तापनि थुप्रै विचलन (distortion) देखिएको छ । कृषि र शिक्षामा भएका व्यापक लगानी वारे उत्पादकत्व र प्रभावकारिताको विश्लेषण हुनु पर्छ । कृषि र सामाजिक क्षेत्रका परिसुचकहरुको अझै व्यापक सुधारको आवश्यकता छ ।

(७) आयोजनाहरुमा समय र लागतको बृद्धि (Time/cost over run) हुने गरेको पाइन्छ । प्रति आयोजना लागत सरदरमा ५ करोड हुने गरेकोमा हाल ३ करोड भन्दा कम छ । सार्वजनिक संस्थानहरुमा प्रत्येक वर्ष सरकारले सवा २ अरब अनुदान दिने गरेको छ ।

(८) प्रत्येक सांसदलाई दिएको १० लाख रकमको व्यवस्थित रुपमा खर्च गर्नेप्रणाली स्थापित गर्ने र सो रकम जिल्ला परिषदबाट स्विकृत कार्यक्रममा मात्र खर्च गर्ने व्यवस्था गरी महालेखा परिक्षकको विभागबाट अनिवार्य लेखा परिक्षण गर्न लगाउने गर्नुपर्छ ।

(९) कार्य सम्पादनमा आधारित बजेट प्रणाली -performance based budget system) लागू गर्ने र बजेट तर्जुमा गर्दा एकै पटक २ वर्षको लागि गर्नु उपयुक्त हुन्छ ।

(१०) प्रत्येक मन्त्रालय तथा विभागमा पेश्की फछ्र्यौट इकाई (cell) कायम गर्ने । एक पटक लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की नदिने गर्नुपर्छ ।

(११) आयोजनाहरु छनौट गर्दा आन्तरिक प्रतिफल दर (IRR) १५ प्रतिशत भन्दा माथिकालाई छनौट गर्ने भन्ने सम्वन्धमा Benefit Stream Calculate गर्ने विधि राख्नु पर्दछ ।

(१२) आयोजना शुरु भएपछि बजेटको प्रत्याभूति हुनुपर्छ र आयोजना प्रस्ताव स्वीकृत गर्ने प्रक्रिया (Project Approval Process) लाई अवलम्वन गर्नु उपयुक्त हुन्छ ।

(१३) एकमुष्ट अनुदान (Block grant) को उपयोगिता माथि पुर्नमूल्याकंन हुनु जरुरी छ ।

(१४) विद्युत महसूल घटाउन विद्युत चुहावटलाई नियन्त्रण गर्ने तर्फ ध्यान जानु जरुरी छ ।

(१५) ७,००० जति नदिनालाहरुलाई नियन्त्रण गरी ७५ वटै जिल्लाहरुमा नदी कटानबाट हुने क्षतिलाई व्यवस्थित गर्न साधन र स्रोतको उचित परिचालन हुनु जरुरी छ ।

(१६) बजेटको line Item मा सुधार गरी Fund Approach अवलम्वन गर्न आवश्यक छ ।

(१७) सबै मन्त्रालयलाई विद्यमान बजेटले पुग्दैन । तर समस्या के हो भन्ने Inter र Intra sectoral Allocation उत्पादनशील हुन सकेको छैन, यसतर्फ विचार गर्नुपर्छ ।

(१८) अनुगमन पद्धतीलाई पुरस्कार र दण्ड प्रणालीमा आवद्ध गराउनु पर्दछ ।

## गोष्ठीमा सहभागिताको लागि आमन्त्रित महानुभावहरुको नामावली

**माननीय सांसदहरु :**

| सि.नं. | नाम, थर | पद | निकाय/कार्यालयको नाम |
|---|---|---|---|
| १ | श्री आनन्द प्रसाद ढुंगाना | सांसद | ,, |
| २ | डा. गंगाधर लम्साल | ,, | ,, |
| ३ | श्री होम नाथ दाहाल | ,, | ,, |
| ४ | श्री स्मृति नारायण चौधरी | ,, | ,, |

| | | | |
|---|---|---|---|
| ५ | श्री भरत मोहन अधिकारी | ,, | ,, |
| ६ | श्री सुवास नेम्वाङ्ग | ,, | ,, |
| ७. | डा. श्री डिल्ली राज खनाल | ,, | ,, |
| ८. | डा. श्री मंगल सिद्धि मानन्धर | ,, | ,, |
| ९ | डा. श्री प्रकाश चन्द्र लोहनी | ,, | ,, |
| १० | श्री पशुपति शम्शेर ज.ब.रा. | ,, | ,, |
| ११ | श्री हृदयश त्रिपाठी | ,, | ,, |
| १२ | श्री परी थापा | ,, | ,, |
| १३ | श्री लिलामणी पोखरेल | ,, | ,, |
| १४ | श्री नारायण मान बिजुक्छे | ,, | ,, |

**राष्ट्रिय योजना आयोग :**

| | | | |
|---|---|---|---|
| १६ | मा. पृथ्वी राज लिगल | उपाध्यक्ष | रा. यो. आ. |
| १७ | मा. डा. शंकर शर्मा | सदस्य | ,, |
| १८ | मा. डा. जगदीश चन्द्र पोखरेल | सदस्य | ,, |
| १९ | मा. हरि शंकर त्रिपाठी | सदस्य | ,, |
| २० | मा. डा. रमेशानन्द बैद्य | सदस्य | ,, |
| २१ | मा. डा. निर्मल प्रसाद पाण्डे | सदस्य | ,, |
| २२ | श्री श्रीमान् श्रेष्ठ | सदस्य सचिव | ,, |
| २३ | श्री हिरा लाल सिंह डंगोल | सह सचिव | |
| २४ | श्रीमती मन्दिरा पौडेल | उप सचिव | ,, |
| २५ | श्रीमती शारदा बज्राचार्य | ,, | ,, |
| २६ | श्रीमती पद्मा माथेमा | ,, | ,, |
| २७ | श्रीमती राधा श्रेष्ठ | ,, | ,, |
| २८ | श्री सुरेन्द्र लाल श्रेष्ठ | ,, | ,, |
| २९ | श्री सुभाषधर शाक्य | ,, | ,, |
| ३० | श्री ज्ञान प्रसाद शर्मा | ,, | ,, |
| ३१ | श्री पुष्प शाक्य | ,, | ,, |

**प्राज्ञ तथा लव्ध प्रतिष्ठित महानुभावहरु :**

| | |
|---|---|
| ३२ | डा. देवेन्द्र राज पाण्डे |
| ३३ | डा. बद्री प्रसाद श्रेष्ठ |
| ३४ | डा. मोहन मान सैंजु |
| ३५ | डा. राघवध्वज पन्त |
| ३६ | डा. बाल गोपाल बैद्य |
| ३७ | डा. मधुनिधी तिवारी |
| ३८ | डा. ठाकुर नाथ पन्त |
| ३९ | श्री प्रदीप कुमार श्रेष्ठ |
| ४० | डा. विश्वम्भर प्याकुरेल |
| ४१ | डा. देवेन्द्र चापागाई |
| ४२ | डा. द्वारिका नाथ ढुंगेल |
| ४३ | डा. गोविन्द वहादुर थापा |
| ४४ | डा. गुणनिधि शर्मा |
| ४५ | डा. मदन कुमार दाहाल |
| ४६ | डा. पार्थिवेश्वर तिमिल्सिना |
| ४७ | डा. शिव शर्मा |

| | |
|---|---|
| ४८ | डा. सुमन शर्मा |
| ४९ | डा. मिना आचार्य |

**नेपाल राष्ट्र बैंक :**

| | | | |
|---|---|---|---|
| ५०. | श्री दीपेन्द्र पुरुष ढकाल | गर्भनर | नेपाल राष्ट्र बैंक |
| ५१ | डा. युवराज खतिवडा | प्रमुख आर्थिक सल्लाहकार | ,, |

**सचिबहरु :**

| | | | |
|---|---|---|---|
| ५२ | श्री तिर्थ मान शाक्य | मुख्य सचिव | मन्त्रिपरिषद सचिवालय |
| ५३ | श्री योद्धा शाह | सचिव | ,, |
| ५४ | श्री विद्युत राज चालिसे | सचिव | ,, |
| ५५ | श्री उदय राज सोती | ,, | स्थानीय विकास |
| ५६ | डा. मुक्ति नारायण श्रेष्ठ | ,, | कृषि तथा सहकारी |
| ५७ | श्री खगेन्द्र बस्नेत | ,, | शिक्षा तथा खेलकूद |
| ५८ | श्री रवि वहादुर विष्ट | ,, | बन तथा भूसंरक्षण |
| ५९ | श्री पदम प्रसाद पोखरेल | ,, | स्वास्थ्य मन्त्रालय |
| ६० | श्री हिरण्य लाल रेग्मी | ,, | भौतिक योजना तथा निर्माण |
| ६१ | श्री डमरु बल्लभ भट्टराई | ,, | श्रम तथा यातायात व्यवस्था |
| ६२ | श्री विश्व नाथ सापकोटा | ,, | जलश्रोत |
| ६३ | श्री बरुण प्रसाद श्रेष्ठ | ,, | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ६४ | श्रीमती उमिला श्रेष्ठ | ,, | महिला, वालवालिका तथा समाजकल्याण |

**सार्वजनिक खर्च पुनरावलोकन आयोग :**

| | | |
|---|---|---|
| ६५ | मा. विनय ध्वज चन्द | अध्यक्ष |
| ६६ | मा. डा. शंकर शर्मा | सदस्य |
| ६७ | श्री मुकुन्द प्रसाद अर्याल | सदस्य |
| ६८ | श्री रामेश्वर प्रसाद खनाल | सदस्य |
| ६९ | श्री युव राज भुषाल | सदस्य सचिव |
| ७० | श्री भुपाल मान शाक्य | विशेषज्ञ |
| ७१ | श्री रामचन्द्र उपाध्याय | ,, |
| ७२ | डा. चम्पक पोखरेल | ,, |
| ७३ | डा. विनोद कर्माचार्य | ,, |
| ७४ | डा. देवेन्द्र श्रेष्ठ | ,, |
| ७५ | श्री ज्योती लोहनी | ,, |
| ७६ | श्री मनोज चिपालु | ,, |
| ७७ | श्री देवेन्द्र प्रसाद सिटौला | कार्यालय सचिव |
| ७८ | श्री सोमलाल सुवेदी | उप सचिव |
| ७९ | श्री बासुदेव श्रेष्ठ | शाखा अधिकृत |

**अर्थ मन्त्रालय :**

| | | | |
|---|---|---|---|
| ८० | डा. रामशरण महत्त | अर्थ मन्त्री | अर्थ मन्त्रालय |
| ८१ | डा. विमल प्रसाद कोइराला | सचिव | अर्थ मन्त्रालय |
| ८२ | श्री लोक मान सिंह कार्की | सह सचिव | ,, |

| | | | |
|---|---|---|---|
| ८३ | श्री लव कुमार देवकोटा | ,, | ,, |
| ८४ | श्री माधव प्रसाद घिमिरे | ,, | ,, |
| ८५ | श्री रामचन्द्र मान सिंह | ,, | ,, |
| ८६ | श्री बालानन्द पौडेल | ,, | ,, |
| ८७ | श्री प्रमोद कुमार कार्की | ,, | ,, |
| ८८ | श्री श्रीराम पन्त | उप सचिव | ,, |
| ८९ | श्री महेश कार्की | ,, | ,, |
| ९० | श्री केशव खत्री | ,, | ,, |
| ९१ | श्री सुन्दर मान श्रेष्ठ | ,, | ,, |
| ९२ | श्री हरि प्रसाद रेग्मी | ,, | ,, |
| ९३ | श्री दुर्गा निधी शर्मा | ,, | ,, |
| ९४ | श्री नरेन्द्र मान श्रेष्ठ | ,, | ,, |
| ९५ | डा. बद्री प्रसाद पोखरेल | ,, | ,, |

**महालेखा नियन्त्रकको कार्यालय :**

| | | | |
|---|---|---|---|
| ९६ | श्री भानु प्रसाद आचार्य | महालेखा नियन्त्रक | महालेखा नियन्त्रकको कार्यालय |

**विभिन्न मन्त्रालयका योजना महाशाखा हेर्ने सह सचिवहरु :**

| | | | |
|---|---|---|---|
| ९७ | श्री राम मणी रिसाल | सह सचिव | मन्त्रिपरिषद् सचिवालय |
| ९८ | श्री शेष नारायण मानन्धर | ,, | सामान्य प्रशासन |
| ९९ | श्री अवनिन्द्र कुमार श्रेष्ठ | ,, | स्थानीय विकास |
| १०० | डा. सुरेन्द्र कुमार श्रेष्ठ | ,, | कृषि तथा सहकारी |
| १०१ | श्री सुन्दर प्रसाद श्रेष्ठ | ,, | शिक्षा तथा खेलकूद |
| १०२ | श्री शरद राई | ,, | बन तथा भूसंरक्षण |
| १०३ | डा. श्याम प्रसाद भट्टराई | ,, | स्वास्थ्य |
| १०४ | श्री श्रीराम श्रेष्ठ | ,, | भौतिक योजना तथा निर्माण |
| १०५ | श्री मोति शोभा श्रेष्ठ | ,, | श्रम तथा यातायात व्यवस्था |
| १०६ | श्री शारदा प्रसाद शर्मा | ,, | जलश्रोत |
| १०७ | श्री काशी नाथ शर्मा | ,, | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १०८ | रा.यो.आ.का.सवै महाशाखा प्रमुखहरु: | | |

केन्द्रीय तथ्याक विभाग :

| | | | |
|---|---|---|---|
| १०९ | श्री केशव राज शर्मा | महानिर्देशक | केन्द्रिय तथ्याक विभाग |

दातृसंस्थाहरु :

| | | | |
|---|---|---|---|
| 110 | H.E. Mr. Mitsuaki Kojima | Ambassador | Embassy of Japan |
| 111 | H.E. Ms. Ingrid Ofstad | ,, | Royal Norwegian Embassy |
| 112 | Mr. Henning Karcher | Resident Representative | UNDP |
| 113 | Mr. Richard Vokes | ,, | ADB |
| 114 | Ms. Sue Eardell | Chief | DFID |
| 115 | Mr. Lawrence DeMilner | ,, | IMF |

पत्रकार जगत :

| | | | |
|---|---|---|---|
| ११६ | श्री सुमन प्रधान | प्रमुख सम्वाददाता | द काठमाण्डु पोष्ट |
| ११७ | श्री युवराज घिमिरे | ,, सम्पादक | कान्तिपुर दैनिक |
| ११८ | श्री प्रकाश रिमाल | प्रमुख सम्वाददाता | द राइजिङ्ग नेपाल |
| ११९ | श्री कृष्ण श्रेष्ठ | सम्पादक | गोरखापत्र |
| १२० | श्री पुष्कर नाथ श्रेष्ठ | प्रमुख सम्पादक | नेपाल समाचार पत्र |
| १२१ | श्री उज्वल शर्मा | सम्पादक/प्रकाशक | हिमालय टाइम्स |
| १२२ | श्री राजेन्द्र दाहाल | सम्पादक | हिमाल खबर पत्रिका |
| १२३ | श्री विनोद भट्टराई | प्रमुख व्यवस्थापक | नेपाली टाइम्स |
| १२४ | श्री राजेन्द्र देव आचार्य | | नेपाल टेलिभिजन |
| १२५ | श्री हृदय गौतम | निर्माता | अर्थको अर्थ |
| १२६ | श्री गजेन्द्र विष्ट | अध्यक्ष | नेपाल आर्थिक पत्रकार समाज |

## आयोगको खर्च विवरण :

| | | | |
|---|---|---|---|
| (क) | **अर्थ मन्त्रालयवाट स्वीकृत बजेट** | | **३७,८०,०००। -** |
| (ख) | **उपरोक्त स्वीकृत रकम मध्ये निम्नानुसार खर्च भएको :** | | |
| | १ | आयोगको पदाधिकारीहरुको खाजा तथा परिवहन सुविधा | १,२२,३२६।८६ |
| | २ | आयोगका विशेषज्ञ एवं कर्मचारीहरुको भत्ता, खाजा तथा परिवहन खर्च | ६,१९,९००।७२ |
| | ३ | घर भाडा | २,४०,०००। - |
| | ४ | दै.भ्र. भत्ता | ३९,६९७।७५ |
| | ५ | कार्यालय सामान खरिद | ६६,५४९।५० |
| | ६ | विज्ञापन खर्च | १,३७,४५७।०६ |
| | ७ | इन्धन | ८६,०४८।४९ |
| | ८ | कार्य दलहरुको खर्च | १,७७,५००। - |
| | ९ | अन्य माल सामान खरिद | १७,३५५।५० |
| | १० | छपाई | ७,५५२। - |
| | ११ | पत्र पत्रिका | २,७४४। - |
| | १२ | मर्मत | १७,१६५। - |
| | १३ | टेलिफोन | २३,१४८।५१ |
| | १४ | इन्टरनेट सेवा | ६,५८०। - |
| | १५ | अन्य सेवा | ९६०। - |
| | १६ | पाहुनाहरुको लागि चियापान खर्च | ६१,९९०। - |
| | | **जम्मा खर्च :** | **१६,२६,९७५।०७** |